जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक २३६ • २०८१ साल माघ ८ गते मंगलबार (21 January, Tuesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

# हैकर र बिचौलियाको हैकिंग बजेट !

## 'हैकर पत्ता लगाउन नसक्नु प्रदेश सरकारको गम्भीर अपराध'

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशसभामा बहुमतबाट पारित भएको संकल्प प्रस्ताव हैकर र बिचौलियाले लादेको आरोप लगाइएको छ।

प्रदेशसभामा हिउँदे अधिवेशन अन्तर्गतको भएको छलफलमा पूर्वमुख्यमन्त्री सरोजकुमार यादवले कार्यान्वयन गर्न लागेको बजेट हैकर र विचौलियाले बनाएर दिएको बजेटलाई संकल्प प्रस्ताव नाममा जनतालाई भुक्याउने काम गरेको आरोप सत्तागठबन्धन दलमाथि लगाएका छन्।

उनले तत्कालीन अर्थमन्त्री भरतप्रसाद साहले बनाएको बजेट हैकरले हैकिंग गरेको भन्दै छानबिन समिति बनाएर बजेट संशोधन गर्ने चर्चा चले पनि मुख्यमन्त्री सतीशकुमार सिंह र सभामुख रामचन्द्र मण्डल समक्ष तीन सदस्यीय छानबिन समिति गठन गर्ने वाचा गरे पनि अहिलेसम्म छानबिन नै नगरी हैकर र विचौलियाले बनाएर दिएको बजेटलाई नै संकल्प प्रस्ताव भनेर लाद्नु गम्भीर अपराध रहेको बताए।



पूर्वमुख्यमन्त्री यादवले भने, 'तत्कालीन अर्थमन्त्रीले ल्याएको बजेट हैकरले हैकिंग गरेको भन्ने विषय उठे पछि हामीले नै सभामुखज्यू समक्ष बजेट हाउसमा आउने बेलामा बजेट हैकरले हैकिंग गऱ्यो भनेर एक छानबिन समिति गठन गर्ने चर्चा चलेको थियो, बजेट हैकरले हैकिंग गर्नु नै गम्भीर अपराध हो, त्यसकारण त्यसलाई छानबिनका लागि पूर्वन्यायधीश, साइबार क्राइमका प्रहरी अधिकारीसहितको तीन सदस्यीय टोली गठन गर्ने र सोका लागि नामहरुसमेत खोजी भइरहेको थियो।

तर ६ महिना वितिसक्दा पनि बजेट हैकिंग गर्ने हैकरले गरेको क्राइमको लागि तीन सदस्यीय समिति गठन नै नगरी बाहिरबाट इन्ट्री गरिएको बजेटलाई संकल्प प्रस्तावको नाम दिएर ल्याएको बजेट प्रदेश सरकारले कसरी कार्यान्वयन गर्न खोजेको हो भन्ने प्रश्न तेर्सिएको छ।' उनले स्मरण गर्दै आफ्नो पालामा तत्कालीन अर्थमन्त्रीले सशर्त अनुदानको बजेट ल्याउने क्रममा विपक्षी दलले सामान्य आवाज उठाएकै आधारमा तत्कालै छानबिन समिति गरेको बताउँदै मुख्यमन्त्री यादवले भने, 'अहिले ६ महिना विते पनि बजेट हैकरलाई बेवास्ता गर्ने काम अत्यन्तै गलत र अपराध रहेकाले तत्कालन हैकर पत्ता लगाउनु आवश्यक रहेको छ।'

पूर्वमुख्यमन्त्री यादवले पूर्वाधार कार्यालय बाराका विभिन्न योजनाहरूमा भएको आर्थिक अनियमितता भएको भन्दै छानबिनको समेत माग गरे। विशेष समयमा बोल्दै उनले आफू मुख्यमन्त्री रहेको बेला गढीमाई मेलालाई केन्द्रित गरेर यसै वर्षको वैशाखमा निकासा गरेको २१ करोड रुपैयाँको योजनालाई पूर्वाधार कार्यालय बाराले टुक्रा टुक्रा पारेर कामै नगरी बजेट समाप्त गर्ने काम गरेको भन्दै छानबिनसहित कारबाहीको माग गरे।

पूर्वाधार कार्यालयका डिई राजेन्द्र साहले २१ करोडको इष्टिमेट गरेर म मुख्यमन्त्री भएकै बेलामा मेरो माध्यमले भौतिक पूर्वाधार विकास मन्त्रालयले बजेट निकासा गरेपनि सो रकमलाई ३ वटा ४०/४० लाख रुपैयाँको योजना तथा बाँकी १०/१० लाख रुपैयाँको योजना टुक्रा पारेर कतिपय योजनामा काम नै नगरी बजेट समाप्त गर्ने काम गरेकाले छानबिनका लागि माग उनले गरे।

त्यस्तै महेन्द्रनारायण निधि जनता आवास कार्यक्रम अन्तर्गत ४ सय देखि ५ सय गरिबको घर निर्माण गर्न मिल्ने सो रकम निकासा गराएपनि पूर्वाधार कार्यालयका प्रमुख साहले ५० हजारको दरले १ हजार ६ सय टुक्रा योजना बनाएको थियो।

५० हजारको टुक्रे योजनाले पनि नतिजा दिन नसक्ने भएकाले त्यस विषयमा पनि छानविन गरेर कारबाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगसँग प्रदेश सभा मार्फत पूर्वमुख्यमन्त्री यादवले माग गरे।

# थ्रेस होल्डको पक्षमा आयोग



**टुडे समाचारदाता**

काठमाण्डु । थ्रेस होल्डको पक्षमा देखिए पनि दलको कार्यशैली र व्यवहारप्रति असन्तुष्टि जनाउँदै निर्वाचन आयोगले सुधार गर्नुपर्नेमा जोड दिएको छ।

संविधान संशोधनमार्फत निर्वाचन प्रणाली फेर्ने चर्चा चलिरहँदा निर्वाचन आयोगका पदाधिकारी र विज्ञहरूले विद्यमान कानुनी संरचना र प्रक्रियागत सुधारमा जोड दिएका छन्। निर्वाचन प्रणाली परिवर्तनभन्दा पनि दलीय कार्यशैली र व्यवहार नै मुख्य समस्या भएको उनीहरूले बताउँदै असन्तुष्टि पोखेका छन्। ०७२ को संविधान जारी भएपछि प्रत्यक्ष निर्वाचित ६० प्रतिशत र ४० प्रतिशत समानुपातिक गरेर मिश्रित निर्वाचन प्रणाली अपनाएको छ। मिश्रित प्रणालीले कुनै दलले बहुमत प्राप्त गर्ने स्थिति नबनेको भन्दै नेपाली कांग्रेस र नेकपा एमालेले संविधान संशोधनमार्फत प्रणाली नै फेर्ने अभियानमा छन्। तर विज्ञहरू प्रणाली फेर्दा पनि बहुमतको सुनिश्चितता नहुने र यही प्रणालीभित्र सुधार गर्नुपर्ने पक्षमा छन्।

प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले प्रणालीभन्दा पनि दलहरूको प्रवृत्ति फेर्नुपर्ने आवश्यकता रहेको बताए। स्थिरता भएन भनेर प्रणालीलाई नै दोष दिनुको तुक नरहेको उनले बताए।

पूर्वप्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीले निर्वाचन प्रणालीको अभ्यास नै गलत ढंगले दलहरुले गरिरहेको बताए।

प्रमुख निर्वाचन आयुक्त थपलियाले प्रणाली पटक पटक फेरिनु उपयुक्त नहुने भन्दै भित्रैबाट सुधार गर्नुपर्ने आयोगको आधिकारिक भनाइ सार्वजनिक गरेका छन्। प्रणालीभित्र संरचनागत, प्रक्रियागत सुधारका लागि कानुनी संरचना बनाउनुपर्ने उनले बताए।

थपलियाले निर्वाचन प्रणालीबारे अहिले उठेका ८० प्रतिशत समस्याको समाधान नयाँ ऐनले दिने दाबी गरे। प्रमुख आयुक्त थपलियाले प्रणालीमा सुधारका लागि प्रतिनिधिसभा र प्रदेशसभामा प्रत्यक्ष निर्वाचिततर्फ ३३ प्रतिशत महिला अनिवार्य गर्नुपर्ने र निर्वाचित भएन भने समानुपातिकबाट ल्याउनुपर्ने भन्दै यसले समानुपातिक समावेशी बलियो हुने बताए।

निर्वाचन आयोगले थ्रेसहोल्ड बढाउँदा प्रणालीलाई नै राम्रो हुने पक्षमा देखिएको छ। थपलियाले भने, 'आयोगले ०७२ मै पाँच प्रतिशत थ्रेसहोल्ड पठाएको हो। पछि संघमा तीन र प्रदेशमा डेढ प्रतिशत आयो। यो किन भन्ने बुझ्न सकिएन।'







# जलवायु न्यायको पैरवीका लागि सगरमाथा संवाद गरिँदै

काठमाण्डु । पछिल्लो समय विश्वमै सबैको चासोको विषय बन्दै गएको जलवायु परिवर्तनलाई नेपालले पनि उच्च प्राथमिकता दिँदै आएको छ। यस विषयका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रम र मञ्चहरुमा नेपालको सहभागिता पनि बढ्दै गएको छ।

यसै सन्दर्भमा नेपालले लामो प्रतिक्षापछि 'सगरमाथा संवाद' आयोजना गर्न तयारीलाई पुनः अघि बढाएको छ। यसअघि २०७६ सालमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले अघि बढाएको सगरमाथा संवादको तयारी कोभिड-१९ कारण अन्तिम समयमा स्थगित गर्नुपरेको थियो । सरकारले जलवायु परिवर्तनका विषयमा विश्वमै नेतृत्व हासिल गर्न तथा जलवायु न्यायका लागि पैरवी गर्न सगरमाथा संवाद अघि बढाएको जनाएको छ।

परराष्ट्र र वन तथा वातावरण मन्त्रालयले विभिन्न समिति बनाइ तयारी थालेका छन् ।यो संवाद हाललाई प्रत्येक दुई वर्षमा आयोजना गर्ने मन्त्रिपरिषद्को निर्णय छ। आगामी जेठ २, ३ र ४ गते संवाद आयोजना गर्न प्रस्ताव गरिएको छ।

संवादमा विशेष गरी पर्वतीय र सामुद्रिक देशका राष्ट्रप्रमुख तथा सरकार प्रमुख, जलवायु अनुसन्धानको क्षेत्रमा काम गर्ने विज्ञ, राष्ट्रिय अन्तर्राष्ट्रियस्तरका निजी क्षेत्रका प्रतिनिधि, विषय विज्ञ तथा समाजमा प्रभाव पार्न सक्ने व्यक्तित्व, मिडियाका विज्ञलगायतलाई निमन्त्रणा गरिने बताइएको छ।

**संवादलाई अन्तर्राष्ट्रिय हिमनदी संरक्षण वर्षको अङ्ग बनाइने**

संवादलाई नेपालले अन्तर्राष्ट्रिय हिमनदी संरक्षण वर्षको अङ्गको रुपमा विकास गर्ने गरी यही माघ ८ गते भोलि घोषणा गरी तयारीको सुरुआत गर्न लागेको वन मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव डा महेश्वर ढकालले जानकारी दिनुभयो। संयुक्त राष्ट्र सङ्घले सन् २०२५ लाई अन्तर्राष्ट्रिय हिमनदी संरक्षण वर्षका रुपमा मनाउँदै छ।

संयुक्त राष्ट्र सङ्घको प्रतिनिधित्व गर्दै विश्व मौसम सङ्गठन र युनेस्कोले यही जनवरी २१ तारिखमा संयुक्त रुपमा अन्तर ाष्ट्रिय हिमनदी संरक्षण वर्षको सुरुवात गर्दैछन्। यसै अवसरमा नेपालमा यही माघ ८ गते प्रधानमन्त्री ओलीबाट सगरमाथा संवाद घोषणा गरिने छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा हुने घोषणा कार्यक्रममा नेपाल सरकारका सबै मन्त्री, सचिव, यहाँस्थित कूटनीतिक नियोगका प्रमुख, विकास साझेदार निकायका प्रमुख, जलवायु क्षेत्रमा काम गर्ने संस्थाका प्रमुख र प्रतिनिधि, मिडियालगायतको सहभागिता रहने बताइएको छ।

पहिलो पटक हुन लागेको सगरमाथा संवादको विषय 'जलवायु परिवर्तन, पर्वतीय र मानवीय भविष्य' रहेको छ। कोभिड-१९ यता जलवायु परिवर्तनका क्षेत्रमा पनि ग्लास्गोमा कोप-२६, सार्म अल शेख कोप-२७, दुबईमा कोप-२९ र बाकुमा कोप-२९ गरी चार अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भइसकेका



छन्। जलवायुको एजेण्डा अझ मुखरित भएर आएकाले पनि नेपालले सगरमाथा संवाद आयोजना गर्नु अपरिहार्य देखिएको उहाँले बताउनुभयो । सगरमाथा संवाद आयोजनाका लागि संयोजन गरिरहनुभएका सहसचिव डा ढकालले भन्नुभयो, "जलवायुले पर्वतीय क्षेत्रमा पारेको असर र प्रभाव यसबाट स्थानीय भोगेको समस्या हेर्दा यो क्षेत्रमा अझै पर्याप्त छलफल र बहस गर्नुपर्ने आवश्यकता छ। यसको आधारमा जलवायुका असरसँग जुँध्नसक्ने क्षमता विकास गर्न सामूहिक प्रयासका लागि उपाय खोज्नुपर्ने सर्वत्र आवाज उठिरहेको छ।"

अर्कोतर्फ नेपालले सन् २०४५ सम्म कार्वन उत्सर्जन शून्यमा पुऱ्याउने घोषणा गरिसकेको छ। जलवायुसम्बन्धी नेपालका नीतिहरु राम्रा छन् तर कार्यान्वयनमा प्राप्त स्रोत साधन कम भएको तथा आर्थिक

> संवादलाई नेपालले अन्तर्राष्ट्रिय हिमनदी संरक्षण वर्षको अङ्गको रुपमा विकास गर्ने गरी यही माघ ८ गते भोलि घोषणा गरी तयारीको सुरुआत गर्न लागेको वन मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव डा महेश्वर ढकालले जानकारी दिनुभयो ।

र सामाजिक रुपमा क्षमता कमजोर छ । "त्यसका बाबुजुद नेपालले जैविक विविधता र वातावरण संरक्षण गरेर अन्तर ाष्ट्रिय समुदायलाई सेवा पुऱ्याइरहेको छ," उहाँले भन्नुभयो, "तर अन्तर्राष्ट्रिय समुदायले यी सेवाको भुक्तानी दिनुको सट्टा उल्टो कार्वन उत्सर्जन गरेर हाम्रो हिमाल पगाल्ने काम गरेका छन्। यसले गर्दा हामी दोहोरो मारमा परेका छौँ।"

**संवादका क्रममा जलवायु न्यायका लागि पैरवी गरिने**

यसमा हामीले अन्तर्राष्ट्रिय समुदायलाई समयमै बुझाउन र समाधानका उपाय खोज्न सकेनौँ भने हाम्रो मानव सभ्यता बचाउन नै ठूलो मूल्य चुकाउनुपर्ने अवस्था आउन सक्छ । "जलवायु परिवर्तनले नेपालमा पारेको असरका बारेमा अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराएर त्यसबाट जलवायु वित्तमा पहुँचका लागि क्षमता अभिवृद्धि, प्रविधिको विकास र विस्तारमा युवाको सहभागिता अभिवृद्धि गर्ने, स्थानीय समुदायलाई अनुकूलनका लागि बढी भन्दा बढी स्रोत साधन जुटाउने हाम्रो लक्ष्य छ" सहसचिव डा ढकालले भन्नुभयो।

न्यून कार्वन उत्सर्जन गरेर पनि उच्च जोखिममा पर्नुपरेको पीडाका बारेमा अन्तर्राष्ट्रिय जगतलाई जानकारी गराउँदै त्यसबाट नेपालले लिनुपर्ने क्षतिपूर्ति र नेपालले उपलब्ध गराएका वातावरणीय सेवा बापतको भुक्तानीको सन्दर्भमासमेत नेपालले संवादका क्रममा पैरवी गर्नेछ।

जलवायु परिपर्तन विश्वव्यापी रुपमा देखा परेको गम्भीर चुनौती हो। यसको असर विशेष गरी नेपाल जस्तो अल्पपिकसित र संवेदनशील भूबनोट भएको देशहरुमा बढी देखिन थालेको छ। यही वर्ष मात्र नेपालले जलवायुजन्य विपद्बाट ठूलो जनधनको क्षति व्यहोर्नुपरेको थियो । जलवायुजन्य जोखिम र सङ्कटापन्नता आगामी दिनमा अझ बढ्ने अनुमान गरिएको छ । वैज्ञानिक अध्ययनअनुसार हिमाली क्षेत्रको तापक्रम वर्तमान तथा भविष्यमा विश्वको औसत तापक्रमको दाँजोमा ०.३ डिग्री सेल्सियसदेखि ०.७ डिग्री सेल्सियस भन्दा बढी हुने अनुमान गरिएको छ।

पेरिस सम्झौताअनुसार विश्व समुदायले यस शताव्दीको अन्त्यसम्ममा पृथ्वीको तापक्रम १.५ डिग्री सेल्सियस भन्दा बढ्न नदिने सहमति गरे तापनि सन् २०५० भन्दा पहिले नै हिमाली क्षेत्रको तापक्रम सरदर १.८ डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको छ।

साथै उच्च तापक्रम वृद्धिले गर्दा यस क्षेत्रमा रहेका हिमालका दुई तिहाइ हिम भण्डारहरू पग्लिने अनुमान अध्ययनले गरेकाले यो नेपालका लागि मात्र नभइ विश्वको लागि चिन्ता र चासोको विषय बन्नुपर्ने वन मन्त्री ऐनबहादुर शाही ठकुरीका जलवायु सल्लाहकार मन्जित ढकालको भनाइ छ।

**तापक्रम वृद्धि**

उहाँका अनुसार विगतका तीन/चार दशकको तथ्याङ्क हेर्दा हिमालमा प्रतिदशक शून्य दशमलव शून्य पाँच डिग्री सेल्सियसका दरले तापक्रम बढिरहेको छ। "यसको असरले खासगरी हिमनदी पग्लिने क्रम तीव्र बढिरहेको छ" उहाँले भन्नुभयो। विश्व तापमान वृद्धिले सन् १९८० देखि २०१० सम्मको अवधिमा करिब २५ प्रतिशत हिमनदीको क्षेत्रफल घटेको देखिएको छ ।त्यही भएर पनि नेपालले जलवायुका क्षेत्रमा नेतृत्वदायी भूमिकाका साथ सगरमाथा संवाद गर्न लागेको जनाएको छ। सरकारले संवादको तयारीको लागि परराष्ट्र मन्त्रीको अध्यक्षतामा निर्देशन समिति, प्रधानमन्त्री कार्यालयका सचिवको संयोकत्वमा व्यवस्थापन समिति र वन मन्त्रालयका सचिवको संयोजकत्वमा सचिवालय स्थापना गरेर तयारी थालेको छ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता एवं सहसचिव कृष्णप्रसाद ढकालले नेपाल सरकारले यो कार्यक्रम उच्च प्राथमिकता दिएर कार्यान्वयन गर्न खोजेको जानकारी गराउनुभयो।

"जलवायु परिवर्तनले पर्वतीय क्षेत्रमा गरेको असरका विषयमा पर्वतीय क्षेत्रका नागरिक र अन्तर्राष्ट्रिय समुदायको बुझाइमा एकरुपमता ल्याउने तथा जलवायुको न्यायको लागि पैरवी गर्ने उद्देश्यका साथ सगरमाथा संवाद गर्न लागेको छौँ" उहाँले भन्नुभयो। साथै जलवायु विज्ञान र प्रविधिको विकास विस्तारमा योगदान गर्ने, पर्वतीय एजेण्डालाई अझ मुखरित गर्ने तथा थप प्रभावकारी बनाउन पर्वतीय मुलुकहरुसँग बसेर काम गर्नका लागि पनि यो संवाद जरुरी रहेको उहाँको भनाइ छ ।आर्थिक रुपमा द्रुत गतिमा अघि बढेका, जनसङ्ख्या र क्षेत्रफल बढी भएका, बजार अर्थतन्त्रमा ठूलो महत्व राख्ने दुई छिमेकीमुलुकको बीचमा रहेको नेपालले गर्न लागेको यो कार्यक्रम छिमेकी राष्ट्रसँग मिलेर काम गर्न आगामी दिनमा नयाँ आयाम समेत बन्ने सहसचिव ढकालको अपेक्षा छ।

"नेपाल जस्तै हिमाली देशहरुमा जलवायु परिवर्तनले गरेका असर, प्रभाव र समाधानका उपायले कार्वन उत्सर्जन न्यूनीकरण गर्न, प्रकृतिमा आधारित जलवायु अनुकूलन गर्न तथा जलवायुजन्य हानिनोक्सानीको विषयमा विभिन्न आयाममा र विषयगत छलफल गरी त्यसबाट निस्केका निष्कर्षलाई अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउन खोजेका छौँ" प्रवक्ता ढकालले भन्नुभयो ।खागगरी वर्तमान विश्वमा मानव समुदायका जल्दाबल्दा विषय जस्तै अर्थतन्त्र, भूराजनीति, शान्तिसुरक्षा, जलवायु परिवर्तन, वातावरणलगायत क्षेत्रमा छलफल गर्ने विश्व परम्परा रहिआएको छ । यसअन्तर्गत स्वीट्जरल्याण्डले ' वर्ल्ड इकोनोमिक फोरम', भारतले 'राइसिना डाइलग', सिङ्गापुरले 'साङ्गीला', चीनले 'बोआवो फोरम'लगायत मञ्चमा समसामयिक विषयमा छलफल र बहस गर्ने बुझाइमा एकरुपमता ल्याउने, भविष्यको मार्गदर्शनको लागि दिशानिर्देश गर्ने गरेका छन् ।रासस

# वीरगञ्ज भन्सारद्वारा छ महिनामा ८० अर्ब राजस्व सङ्कलन




वीरगञ्ज । वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको छ महिनाको अवधिमा रू ८० अर्ब पाँच करोड ५१ लाख राजस्व सङ्कलन गरेको छ।

भन्सार विभागले कार्यालयलाई चालु आवको छ महिनाको अवधिमा रू एक खर्ब चार अर्ब १८ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको थियो । तर कार्यालयले सो अवधिमा कुल लक्ष्यको ७६ दशमलव ८४ प्रतिशत राजस्व सङ्कलन गरेको छ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले सवार ीसाधन र पेट्रोलियम पदार्थमा आयात बढेसँगै राजस्व सङ्कलनमा सुधारोन्मुख रहेको बताउनुभयो । "सवारीसाधनको आयात र पेट्रोलियम पदार्थको आयात बढेसँगै राजस्व सङ्कलन पनि उत्साहजनक देखिएको छ," उहाँले भन्नुभयो, "साउनयताकै पुस महिनामा उच्च राजस्व सङ्कलन भएको छ।"

वीरगञ्ज भन्सारले चालु आवको साउन महिनामा रू १२ अर्ब १५ करोड राजस्व सङ्कलन गऱ्यो। त

यसैगरी, भदौमा रू १३ अर्ब ४२ करोड, असोज महिनामा रू १३ अर्ब ४७ करोड राजस्व सङ्कलन गरेको थियो। त्यसैगरी, कात्तिकमा रू ११ अर्ब १० करोड, मङ्सिरमा भने रू १४ अर्ब ४० करोड राजस्व सङ्कलन गरेको थियो। पुसमा चालु आवकै सबैभन्दा धेरै अर्थात् रू १५ अर्ब ४७ करोड राजस्व सङ्कलन गरेको हो।

कार्यालयले चालु आवको छ महिनाको अवधिमा कुल वार्षिक लक्ष्यको ३६ दशमलव ५६ प्रतिशत राजस्व सङ्कलन गरेको हो । भन्सार विभागले कार्यालयका लागि वार्षिक रू दुई खर्ब १८ अर्ब ९५ करोड रकम राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरिदिएको छ। त्यसैगरी, सिर्सियास्थित सुक्खा बन्दरगाह भन्सार कार्यालयले पनि चालु आवको छ महिनाको अवधिमा रू २३ अर्ब ३४ करोड ३३ लाख राजस्व सङ्कलन गरेको छ। कार्यालयले कुल वार्षिक लक्ष्यको ३८ दशमलव ८७ प्रतिशत राजस्व सङ्कलन गरेको हो ।रासस

# हिनामिना गर्ने तत्कालीन गाविस सचिवविरूद्ध भ्रष्टाचार मुद्दा

**टुडे समाचारदाता**

बारा। बाराको साविक आदर्श गाविसका तत्कालीन सचिवविरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरिएको छ।

हाल जितपुर सिमरा उपमहानगरपालिकाको साविक आदर्श गाविसका तत्कालीन सचिव आस महमद अन्सारीविरूद्ध अख्तियारले सोमबार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ।

उनले आर्थिक वर्ष ०६४/०६५ मा गुदरी बजार र मिना बजारका सटरहरू उपभोक्तालाई भाडामा लगाउँदा लिएको धरौटी बापतको ३८ लाख ३० हजार ५०० रूपैयाँ साविक गाविसको धरौटी खातामा जम्मा गर्नुपर्नेमा सो नगरेको पाइएको अख्तियारका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए।

त्यतिबेला सटर भाडामा लगाउँदा १२१ जना व्यक्तिहरूबाट अन्सारीले सो रकम लिएको र बदनीयतपूर्ण वडाको खातामा जम्मा नगरी आर्थिक अपचलन




गरेको पुष्टी भएकाले विशेष अदालतमा आरोपपत्र दायर गरिएको अख्तियारले जनाएको छ।

अख्तियारले उनीसँग हिनामिना बराबरको ३८ लाख ३० हजार ५०० रूपैयाँ बिगो र कानुनअनुसार हुने कैद सजायको माग गरेको छ।

# 'अतिक्रमण भएका जगाको लालपुर्जा नबाँडियोस्'

काठमाण्डु। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षणमा देखिएका समस्या सम्बोधन गर्न समयानुकूल हुनेगरी कानुन परिमार्जनको खाँचो औँल्याइएको छ।

राष्ट्रियसभा, सार्वजनिक नीति तथा प्रत्यायोजित समितिको सोमबारको बैठकमा राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृतले तत्कालीन लाभ नहेरी दीर्घकालीन सोचका आधारमा राष्ट्रिय निकुञ्ज र वन्यजन्तुमैत्री कानुन निर्माण गर्न सुझाव दिनुभयो । राष्ट्रिय निकुञ्ज र वन्यजन्तु संरक्षण व्यवस्थापनमा स्रोत अभाव रहेको जानकारी गराउँदै उहाँहरूले जलवायु परिवर्तनको असरले निकुञ्ज क्षेत्रमा खानेपानी र पोखरीको अभावले पनि केही चुनौती खडा गरेको बताउनुभयो।

वरिष्ठ संरक्षण अधिकृतहरूले जङ्गली जनावरबाट मध्यवर्ती क्षेत्रका जनतालाई आक्रमण हुँदा तत्काल उद्धार तथा उपचार कोष र केन्द्रको व्यवस्थाको प्रबन्ध गर्न सुझाव दिनुभयो। राज्यले राजस्व उठाउनेतर्फ मात्र नभई राष्ट्रिय निकुञ्जकबाट पर्यटन प्रवर्द्धन, होटल व्यवसाय र रोजगारी सिर्जनामा पुऱ्याएको योगदानलाई समेत भुल्न नहुने जनाउँदै उहाँहरूले मध्यवर्ती क्षेत्रका जनताले झेल्नुपरेको समस्या समाधान गर्न विशेष खाले योजना र बजेटको व्यवस्थाका लागि पहल गरीदिन अनुरोध गर्नुभयो ।रासस


# हतियारसहित एक भारतीय पक्राउ

**टुडे समाचारदाता**

रौतहट। रौतहटको इशनाथ नगरपालिकास्थित नेपाल-भारत सीमा क्षेत्रको लतमरीबाट सशस्त्र प्रहरीले आइतबार राति अटोमेटिक पेस्तोल र गोलीसहित एक भारतीय नागरिकलाई पक्राउ गरेको छ।

पक्राउ परेका व्यक्ति हतियार तस्कर हुन् वा होइनन् भन्ने अनुसन्धान भइरहेको रौतहटका सशस्त्र प्रहरीले जानकारी दिएको छ।

लतमरीमा रहेका सुनिल होटलमा खाजा खाइरहेका तीन जनाको गतिविधि शंकास्पद देखिएपछि सशस्त्र प्रहरी



बल (एफओबी) मठियाबाट खटिएको टोलीले राति नै एक जना पक्राउ परे पनि अन्य दुई जना भागेका थिए।

अर्का एक भारतीय हतियारसहित पक्राउ परेको सशस्त्र प्रहरीका प्रहरी उपरीक्षक विक्रम हुमागाइँले जानकारी दिए। भारत विहार पूर्वी चम्पारण जिल्ला मोतिहारी वसन्तपुर ग्रामपञ्चाय वडा नम्बर ९ का २६ वर्षीय धनञ्जयकुमार झालाई हतियारसहित पक्राउ गरिएको प्रहरी उपरीक्षक हुमागाइँले बताए। उनको साथबाट सेमीअटोमेटिक पेस्तोल १ थान, म्याग्जिन १ थान, ७.६७ मिमि ४ राउण्ड गोली बरामद गरिएको उनले बताए।

पक्राउ परेका आरोपित झाले प्रयोग गरेका विआर ०५ बिडी १२२४ नम्बरको मोटरसाइकल बरामद गरेर आवश्यक कारबाहीका लागि नेपाल प्रहरीलाई जिम्मा लगाइने उनले बताए।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष :कामको मेसो नमिल्दा केही अलमल हुनेछ।
वृष :समयमा निर्णय नलिने बानीले अप्ठ्यारो पार्न सक्छ।
मिथुन :विभिन्न कामका अवसर प्राप्त हुनेछन्।
कर्कट :अरूको बारेमा चासो राख्दा स्वयं समस्यामा पर्न सकिन्छ।
सिंह:सोख र हडबडीले समस्या निम्त्याए पनि ज्ञान, कला र व्यक्तित्वमा निखार आउनेछ।
कन्या :खर्च लागे पनि प्रयत्न गर्दा काममा सकारात्मक संकेत प्राप्त हुनेछ।
तुला: प्रशस्त लाभ उठाउने समय छ।
वृश्चिक: परिस्थितिको चक्रमा अलमलिनु पर्दा कार्यसम्पादनमा ढिलाइ हुनेछ।
धनु :जिम्मेवारी थपिए पनि स्वास्थ्य कमजोर रहनाले काममा बाधा पुग्न सक्छ।
मकर: स्वास्थ्य कमजोर रहनाले चिताएको काम गर्न नसकिएला।
कुम्भ :हडबडले काम बिग्रनेछ।
मीन :कामको मेसो नमिल्दा अलमल हुनेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



मध्याह्नपछि पारिलो घाम देखिएसँगै महोत्तरीको भङ्गाहा-५ को सोमबारे सीतापुर हटियामा बिक्रीका लागि फिजाइएका नाङ्ला, चाल्ना र डालासहितका चोयाबाट निर्मित साम्रगी। *तस्बिरः रासस*

# मधेश प्रदेशमा माछा र दूधको उत्पादन बढ्यो

वीरगञ्ज । मधेश प्रदेशमा आर्थिक वर्ष २०८०/८१ मा ४५ हजार पाँच सय ७१ मेट्रिक टन माछा उत्पादन भएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/८१ को प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन(मधेश प्रदेश) अनुसार आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा मधेश प्रदेशका आठ जिल्लामा माछाको उत्पादन पाँच दशमलव ०४ प्रतिशतले वृद्धि भएको हो ।



राष्ट्र बैंकका अनुसार आव २०७९/८० मा मधेश प्रदेशमा माछाको उत्पादन ४३ हजार तीन सय ८६ मेट्रिक टन रहेको थियो । मधेश प्रदेशमा भएको कूल माछा उत्पादनमा बारा जिल्लाको हिस्सा सबैभन्दा धेरै अर्थात २२ दशमलव ४३ प्रतिशत रहेको छ। पर्सा जिल्लामा भएको माछा उत्पादनको हिस्सा सबैभन्दा कम सात दशमलव ९९ प्रतिशत रहेको छ।

पर्साको पकहाँमैनपुर गाउँपालिकामा व्यावसायिक ढङ्गले दिपेन्द्र माछापालन उद्योग सञ्चालन गर्दै आएका दीनानाथ साहले माछा उत्पादनमा वृद्धि भए पनि माछाको उचित बजार मूल्य नपाएको गुनासो गर्नुहुन्छ ।"विगतमा भारतबाटै माछाको आयात धेरै हुने गर्थ्यो। अहिले कम्तीमा पनि यहाँ माछाको उत्पादन बढीरहेको छ," उहाँले भन्नुभयो,"माछाको भुरा र माछापालन सम्बन्धित प्राविधिक ज्ञानको अभाव भने खड्किरहेको छ।"

राष्ट्र बैंकको प्रतिवेदनले माछा उत्पादन मात्रै नभएर यस प्रदेशमा दूधजन्य पदार्थको उत्पादनमासमेत वृद्धि भएको देखाएको छ । आव २०८०/८१ म मधेश प्रदेशमा दूधको उत्पादन एक दशमलव ९३ प्रतिशतले वृद्धि भई ६ लाख ५४ हजार एक सय २३ लिटर पुगेको छ । मधेश प्रदेशका आठ जिल्लामध्ये दूध उत्पादनको सबैभन्दा ठूलो हिस्सा भने सिरहा जिल्ला रहेको छ। सो जिल्लाको हिस्सा २० दशमलव ४४ प्रतिशत रहेको छ, भने सप्तरी जिल्लाको हिस्सा सबैभन्दा कम सात दशमलव ८३ प्रतिशत रहेको छ।

त्यस्तै मधेश प्रदेशमा मासुको उत्पादन दुई दशमलव ९८ प्रतिशतले वृद्धि भई एक लाख ४३ हजार ६ सय ७० मेट्रिक टन पुगेको छ। मधेश प्रदेशमा अण्डाको उत्पादन पनि बढेको देखिन्छ। आव २०७९/८० को तुलनामा मधेश प्रदेशमा अण्डाको उत्पादन पनि दुई दशमलव ७९ प्रतिशतले वृद्धि भई १० करोड ६९ लाख ३९ हजार गोटा उत्पादन भएको छ ।रासस

# बलान-बिहुलका विद्यालयमा मैथिली भाषाको पाठ्यक्रम

गोलबजार । सप्तरीको बलान-बिहुल गाउँपालिकाले मातहतका विद्यालयमा स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्ने भएको छ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा भएको व्यवस्थाअनुसार अगामी शैक्षिक सत्रदेखि गाउँपालिकाभित्र रहेका सामुदायिक र संस्थागत विद्यालयमा स्थानीय पाठ्यक्रम लागू गर्ने तयारी गरेको हो ।

स्थानीय ज्ञान, सीप, प्रविधि, चाडपर्व संस्कृति र शान्तिको सन्देश भावी पुस्तालाई हस्तान्तरण गर्नमा सघाउ पुऱ्याउने उद्देश्यले स्थानीय पाठ्यक्रम निर्माण गाउँपालिका जुटको गाउँपालिका अध्यक्ष खेमचन्द्र यादवले बताउनुभयो ।

आधारभूत तहको कक्षा १ देखि ८ सम्म स्थानीय पाठयक्रम मैथिली भाषामा निर्माण गरी लागू गर्ने योजना बनाइएको छ । अगामी शैक्षिक सत्रमा कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम निर्माण गरिने गाउँपालिकाको शिक्षा शाखाका प्रमुख दिनेशकुमार मण्डलले बताउनुभयो । उहाँले भन्नुभयो, "पाठ्यक्रमको खाका (ड्राफ्ट) तयार गर्नका लागि नगरपालिकाका विद्यालयका प्रधानाध्याकहरूको विज्ञ




समिति गठन गरी कार्य अगाडि बढाउने गाउँपालिकास्तरीय शिक्षा समितिले निर्णय गरेको बताउनुभयो ।"

शिक्षा शाखा प्रमुख मण्डलका अनुसार पाठ्यक्रमको खाका तयार भएपछि नगर क्षेत्रका शिक्षा क्षेत्रसम्बद्ध व्यक्तिसँग छलफल र परामर्श लिई खाकालाई अन्तिमरूप दिई पाठ्यक्रमका रूपमा लागू गरिने बताउनुभयो । आगामी शैक्षिक सत्रमा कक्षा ४ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरी लागू पर्ने उहाँको भनाइ छ ।

स्थानीय मातृभाषा मैथिलीमा स्थानीयस्तरका विषयवस्तु समावेश गरी विद्यालयमा नियमित पठनपाठन गर्ने यस क्षेत्रको प्राकृतिक, सामाजिक, ऐतिहासिक, मौलिक चाडपर्व सांस्कृतिक पक्ष, आर्थिक आधार, कृषि विविधता, नदी, पोखरी ताल, खनिज पदार्थ, जलवायु परिवर्तन, विपद्, योग, खेलकुद, असल सामाजिक कार्यक्रम, स्थानीय पेसा व्यवसायलाई पाठ्यक्रममा समावेश हुने भएपछि सानो कक्षाका विद्यार्थीमा सिकाइ सहजता हुने कलासंस्कृतिको संरक्षण हुने जनता माध्यमिक विद्यालय रामनगर कोदरकट्टीका प्रधानाध्यापक देवप्रसाद यादवले बताउनुभयो । कक्षा १ देखि ३ सम्म पढाइने स्थानीय पाठ्यक्रम १०० पूर्णाङ्कको हुनेछ ।

स्थानीय पाठ्यक्रम निर्माणमा इन्टरनेसनल अलर्टको आर्थिकको सहयोगमा समग्र जनउत्थान केन्द्र लहान सिरहाद्वारा सञ्चालित 'महिला र सीमान्तकृत समूहलाई लैङ्गिक न्यायको सुदृढीकरण' परियोजनाले प्राविधिक सहयोग गर्ने परियोजना व्यवस्थापक रामकृपाल साहले बताउनुभयो ।रासस

# सिङ्गो बस्ती नै शौचालयविहीन

जलेश्वर । महोत्तरीको मटिहानी नगरपालिकाको वडा नम्बर ४ स्थित मझौरा गाउँको 'मुसहर' बस्ती शौचालयविहीन रहेको पाइएको छ। यस बस्तीका दलित मुसहर परिवारहरू शौचका लागि खुला स्थान प्रयोग गर्दै आएका छन् ।

स्थानीय बयोवृद्ध ५५ वर्षीय सेवक सदाका अनुसार ७५ घर परिवार रहेको मुसहर बस्तीको कुनै पनि घरमा शौचालय रहेको छैन । यहाँका सबैजना खुला स्थानमै शौच गर्दै आएका छन् । यही बस्तीका २२ वर्षीय शोभेन्द्र सदाका अनुसार वृद्धवृद्धा, वयस्क महिला, पुरुष तथा बालबालिका सबै गरेर तीन सय ७० जनाको जनसङ्ख्या रहेको छ। यहाँ बसोबास गर्ने सबै जना सधैँदेखि गाउँको खेतबारी र बाटोको छेउछाउमै दिशा पिसाब गर्दै आएका छन् र अहिले पनि त्यही स्थानमा गएर शौच गर्दै आएका छन् ।

बस्तीकै ५० वर्षीय शङ्कर सदाले आफूहरूसँग शौचालय बनाउने कुनै उपाय (आर्थिक अवस्था) नरहेको कारण बाबु, बाजे पालादेखि नै सपपरिवार खुलामै शौच गर्दै आएको बताउनुभयो । स्थानीय ६० वर्षीया महिला बासो सदाले आफूहरू सधैँ गाँस, बाँस र कपासकै अभाव रहने गरेकाले शौचालय निर्माण गर्नु धैरै ठूलो कुरा भएको बताउनुभयो । यस



बस्तीका बासिन्दाले दुई छाक राम्ररी खान नपाएको अवस्थामा कहाँबाट शौचालय निर्माण गर्नु उहाँले प्रतिप्रश्न गर्नुभयो ।

सोही ठाउँकी अर्की महिला ४५ वर्षीया रानी सदाले बस्ने घरकै लागि पर्याप्त ठाउँ नरहेको अवस्थामा शौचालय कहाँ निर्माण गर्नु र गर्न चाहे पनि आफूहरूसँग आर्थिक सामर्थ्य नरहेको भन्दै शौचालय निर्माण गर्न नसकेको बताउनुभयो।

शौचालयको अभाव भोगिरहेको त्यस बस्तीकी स्थानीय ६० वर्षीया महिला सुनैना देवी सदाले अरूको खेतबारीमा गएर शौच गर्दा गाली गर्ने, कुटपिट गर्ने, सर्प, बिच्छु र अन्य जनावरको डर हुने गरेको दुखेसो गर्नुभयो । उहाँका अनुसार ठूला पुरूष र महिलाले त ठाउँ र समय हेरेर लुकेर कुनै स्थानमा शौच गरिहाल्छन् तर ससाना बालबालिका दिनभरि अरूकै खेतबारी र बाटोघाटोमै शौच गरिदिँदा अरूहरूले गाली गर्ने, लखेट्ने र कुनैकुनै बेला पिटाई खानुपर्ने हुन्छ ।

खर, पात, बाँस र बेतबाट बनाइएको घरबारभित्र जाडोले कठ्याङ्ग्रिँदै बसिरहेका मुसहर बस्तीमा अन्न, लुगाफाटो र रोजगारीको चरम अभाव देखिएको छ भने शिक्षा र स्वास्थ्यजस्ता कुराले त उनीहरूलाई टाढाटाढासम्म छोएको देखिँदैन ।

चारैतिरै सबैकुराको अभावै अभाव र जोखिमपूर्ण जीवन बाँचिरहेका मुसहरहरूको आफू बस्ने घरबाहेक अरू जग्गा जमिन नरहेको, खेतबारी नरहेको र सो स्थानमा सार्वजनिक जग्गासमेत नरहेको कारण उनीहरूका लागि सार्वजनिक शौचालय समेत निर्माण गर्न नसकिएको वडा अध्यक्ष अब्दुल गफार राईनले बताउनुभयो ।

वडाध्यक्ष राईनका अनुसार त्यस बस्तीका ७५ घर परिवारमध्ये सबै जनाको एक नासको बस्ने जग्गा समेत छैन । कसैको दुई धुर, कसैको चार धुर र कसैको एक धुर नै जग्गा रहेको कारण त्यस बस्तीमा कुनै विकासको कार्यक्रम सञ्चालन गर्न सकिएको छैन ।

वडाध्यक्ष राईनले शिक्षा, स्वास्थ्य र रोजगारीको सूचकाङ्कमा मटिहानी नगरपालिकामै सबैभन्दा पछाडि रहेको वडा नम्बर ४ मझौरास्थित यस बस्तीमा व्यक्तिगत जग्गाको समस्या रहनुको साथै शौचालयको निर्माण गर्न सार्वजनिक स्थानको पनि अभाव मुख्य समस्या रहेको बताउनुभयो ।

यता देश नै खुला दिसामुक्त घोषणा भइसकेको अवस्थामा धार्मिक एवं सांस्कृतिक नगरी मटिहानीको मझौरा गाउँको मुसहर बस्ती शौचालयविहीन हुनु र त्यहाँका नागरिक अझै पनि खुला आकासमुनि नै शौच गरिरहेको कुरा आफैँमा लज्जास्पद एवं दुःखद् भएको सरसफाइविज्ञ उमाशङ्कर यादवले बताउनुभयो ।

मटिहानी नगरपालिका देशकै सबैभन्दा पुरानो गुठी लक्ष्मीनारायण मठ भएको र ३५० वर्षभन्दा पनि पुरानो, बालागुरू षडानन्द पढ्नुभएको याज्ञवल्क्य लक्ष्मी नारायण विद्यापीठ अझै सञ्चालनमा रहेको स्थान हो ।रासस

# एक सय ३७ सहकारी संस्थाविरूद्ध उजुरी

बागमती । बागमती प्रदेशमा समस्याग्रस्त सहकारीको संख्या बढ्दै गएको छ। पछिल्लो पटक बागमती प्रदेश सरकारले थप तीनवटा सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गरेको छ । योसँगै बागमती प्रदेशमा समस्याग्रस्त घोषणा हुने सहकारीको संख्या पाँच पुगेको छ।

प्रदेश सरकारको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयअन्तर्गतको प्रदेश सहकारी रजिष्ट्रार कार्यालयका रजिष्ट्रार राजन पोखरेलका अनुसार पछिल्लो पटक सुमेरू सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ पुलचौक ललितपुर, लालीगुराँस बचत तथा ऋण सहकारी संस्था काठमाडौँ र नेसनल नमोबुद्ध बचत तथा ऋण सहकारी संस्था काठमाडौँलाई समस्याग्रस्त घोषणा गरेको छ।

वित्तीय दायित्व पूरा नगरेको, बचतकर्ताको बचत माग गर्दा फिर्ता नगरेको, बचत फिर्ता गर्ने कार्ययोजना बनाएर पनि कार्ययोजनाअनुसार




काम नगरेको लगायत कारणले ती सहकारी संस्थाहरूलाई समस्याग्रस्त सहकारी घोषणा गरिएको रजिष्ट्रार पोखरेलले बताउनुभयो । समस्याग्रस्त घोषणा गरिएकामध्ये लालीगुराँस बचत तथा ऋण सहकारी संस्था र नेसनल नमोबुद्ध बचत तथा ऋण सहकारी संस्थामा तालाबन्दी गरिएको रजिष्ट्रार पोखरेलको भनाइ छ।

यसअघि प्रदेश सरकारले काठमाडौँको सिभिल सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ र काठमाडौँको कीर्तिपुरस्थित दर्शन बचत तथा ऋण सहकारी सस्थालाई समस्याग्रस्त सहकारी घोषणा गरेको थियो । दर्शन सहकारीलाई यही कात्तिक १२ गते र सिभिललाई गत २०८० साल भदौ २१ गते समस्याग्रस्त सहकारी घोषणा गरेको रजिष्ट्रार पोखरेलले बताउनुभयो । बचत गरेको रकम फिर्ता नगरेको भन्दै बचतकर्ताहरूले प्रदेशभरिका एक सय ३७ भन्दा बढी सहकारी संस्थाविरूद्ध उजुरी दर्ता भएको र दर्ता भएका उजुरीमाथि छानबिन भइरहेको रजिष्ट्रार पोखरेलले बताउनुभयो उहाँका अनुसार तीमध्ये ८० वटा सहकारी संस्थाका सञ्चालकमाथि कारबाही गर्न प्रहरी कार्यालयमा पत्राचार गरिएको छ।

बचतकर्ताको रकम फिर्ता नगर्ने, समस्या समाधानका लागि पत्राचार गर्दा पनि सम्पर्क नआउने सहकारी संस्थाका सञ्चालकमाथि कारबाही अघि बढाउन सम्बन्धित जिल्ला प्रहरी कार्यालयहरूमा पत्राचार गरिएको रजिष्ट्रार पोखरेलको कथन छ । उहाँका अनुसार कारबाहीका लागि प्रहरी कार्यालयमा पत्राचार गरिएका अधिकांश सहकारी संस्थाहरू उपत्यकाभित्रका तीन जिल्लाका छन् ।

"बचत गरेको रकम फिर्ता नपाएको भन्दै पीडितहरूले दिएको निवेदनका आधारमा हामीले सम्बन्धित सहकारी संस्थाका सञ्चालकहरूलाई पत्राचार गर्‍यौँ", रजिष्ट्रार पोखरेलले भन्नुभयो, "तीमध्ये धेरै सहकारीका सञ्चालकहरू सम्पर्कमा आउनै चाहेन, कतिपय सम्पर्कमा आए पनि रकम फिर्ता गर्न आलटाल गर्ने गरेको छ ।" त्यसैले कारबाहीका लागि सम्बन्धित जिल्लाको जिल्ला प्रहरी कार्यालयमा पत्राचार गरेका छौँ, उहाँको भनाइ छ ।रासस

# अन्तर्राष्ट्रिय पर्यटन मेलामा भाग लिन नाट्टाको टोली स्पेन प्रस्थान

काठमाण्डु । अन्तर्राष्ट्रिय पर्यटन मेलामा भाग लिन नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा)को टोली स्पेन प्रस्थान गरेको छ।

नेपाल पर्यटन बोर्डको सहकार्यमा स्पेनको म्याड्रिडमा जनवरी २२ देखि २६ सम्म हुन लागेको अन्तर्राष्ट्रिय ट्राभल ट्रेड फेयर (फितुर)मा भाग लिन नाट्टाका अध्यक्ष कुमारमणि थपलिया नेतृत्वको उक्त टोली सोमबार बिहान स्पेन प्रस्थान गरेको हो।

उक्त मेलामा नेपालका २५ भन्दा बढी ट्राभल, ट्रेकिङ र होटल व्यवसायबाट ५० भन्दा बढी प्रतिनिधि सहभागी हुने नाट्टाका सहकोषाध्यक्ष एवं कार्यक्रमका संयोजक ढकनाथ काफ्लेले जानकारी दिनुभयो।

नाट्टाका अध्यक्ष थपलियाले नेपालको पर्यटन क्षेत्रलाई विश्वभर चिनाउनका लागि यस्ता मेलामार्फत सहयोग पुग्ने बताउनुभयो । नेपालमा पर्यटन क्षेत्रको दिगो विकासका लागि यस्ता कार्यक्रममा निरन्तर सहभागिता आवश्यक रहेको उहाँको भनाइ थियो।

स्पेनमा हुन लागेको उक्त अन्तर्राष्ट्रिय मेलामा विश्वभरका एक लाखभन्दा बढी पर्यटकीय उद्योग, व्यवसायी, प्रतिनिधि र व्यवसाय साझेदारहरुको उपस्थिति रहने नाट्टाले जनाएको छ । नेपालका आकर्षक गन्तव्य तथा पर्यटकीय स्रोतलाई विश्वव्यापी बनाउँदै आर्थिक गतिविधिलाई बलियो बनाउन यस्ता मेला महत्वपूर्ण भएको अध्यक्ष थपलियाले बताउनुभयो ।रासस


श्री
**महोत्तरी जिल्ला अदालत**
**जलेश्वर**

**प्रमाणिकरण शाखा** **निवेदन नं. ०८१-०१-०००२**

**श्री महोत्तरी जिल्ला अदालतबाट जारी भएको जिल्ला महोत्तरी बर्दिवास नगरपालिका वडा नं. १ मा बस्ने दल बहादुर तामाङ्गको छोरा अ.वर्ष ८२ को कर्ण बहादुर तामाङ्ग को मृत्युको न्यायिक घोषणा सम्बन्धी हकबाला नाउँको २१ (एकाइस) दिने म्याद**......................

उप्रान्त निवेदक जि.म. बर्दिवास न.पा. वडा नं. १ मा बस्ने निवेदक ज्ञान बहादुर पाख्रिनले बेपत्ता भएको र निज हालसम्म फेला नपरेकाले मृत्युको न्यायिक घोषणा गरी पाउँ भनि यस अदालतमा निवेदन दिएकोमा यस अदालतबाट मिति २०८१/०९/१४ गतेको आदेशानुसार कर्ण बहादुर तामाङ्ग नाउँको २१ (एकाइस) दिने म्याद पत्रिकामा प्रकाशित गरिएको छ। कर्ण बहादुर तामाङ्ग जीवित भई मृत्युको न्यायिक घोषणा गर्नु नपर्ने कारण भए म्याद प्रकाशित भएको मितिले २१ (एकाइस) दिन भित्र यस आदालतमा हाजिर हुन आउनु होला। अन्यथा कानून बमोजिम हुने छ।

ईति सम्बत् २०८१ साल माघ ६ गते रोज २-------------------




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# समृद्धि कसका लागि ?

सन्त कबीरको भनाइ छ- निर्धन गिरे पहाड से , कोई न पूछे हाल , धनी को कांटा लगे, पूछें लोग हजार । मधेश प्रदेश सरकार यही भावभूमिको परिधिमा आश्रित छ। प्रदेश सरकारको सात वर्षको अवधिलाई नियाँल्दा प्रदेशको दुर्दान्त अवस्थाप्रति संवेदनशीलभन्दा पनि कार्यकर्ता , नेता , अध्यक्षप्रतिको समर्पणरुपी योजना , नियुक्ति , उन्नति , समृद्धिको होडबाजी छ । योजनाहरुमा सत्तासीन , पक्ष-विपक्षका कार्यकर्ता , मन्त्री , मुख्यमन्त्री , सभासदको तुष्टिपूर्ण खाका परिलक्षित हुन्छ भने शहीदको सपना , विपन्न , उत्पीडितको क्रन्दन शब्दगत रुपमा छ । योजना छनोटमा आम मधेशवासी छवि हुनु पर्नेमा नेता ,कार्यकर्ताको छविको प्रमुखता नै राजनीतिक यात्रामा विद्यमान रहेको अनुभूतिपूर्ण आक्रोश बेला बेलाा सुनिने गरेको छ । प्रदेशसभा नीति निर्माणदेखि समृद्धिको गन्तव्यतर्फ लक्षित हुनुपर्नेमा भ्रष्टचार , स्वेच्छाचारी , प्रतिशोध , धराशायीलाई प्रमुखता दिएको पाइन्छ । योजना जनकल्याणकारी हुनुपर्ने , संघीयतालाई संस्थागत गर्ने , सुशासनको प्रत्याभूति हुनुपर्नेमा सत्ता प्राप्ति , नेतृत्वका लागि दरिद्रभावको प्रधानता देखिन्छ । न त यो क्रमको अन्त्य भइरहेको छ न त गुनासोको , विस्तारै-विस्तारै समयावधि अन्त्यको क्रम जारी छ। यो क्रममा हिटलरको भनाइ अनुरुप केही नगर्नु भन्दा गल्ती गर्नु राम्रो हुन्छ भाव मधेश प्रदेश सरकारको हरेक गतिविधिमा दृष्टिगोचर हुनु जनभाव हित विपरीतको अवस्था हो । यी गतिविधिले प्रदेशवासी खिलौना हो , जसलाई केन्दीय र प्रदेशका राजनीतिकर्मीले खेल्ने गरेको बोध हुन्छ । स्वयम् सभासदहरुले प्रदेश दलाल , बिचौलिया र मनिमाइन्डेड राजनीनतिकर्मीबाट निर्दिष्ट भइ भ्रष्टाचार गर्ने प्रयोगशाला र अनुसन्धान केन्द्र बन्न पुगेको तथ्य स्वीकार गरे पनि यसको विरुद्धको गतिविर्धि सञ्चालनमा छलफल हुँदा बहुमतले भ्रष्टताको केन्द्रलाई निरन्तरता दिने प्रवृत्ति देखा पर्नु सोचनीय बन्न पुगेको छ। गरीबको अवस्थाप्रति चिन्ता नहुने तर कार्यकर्ता पोस्न नै क्रियाशील हुनु सन्त कबीरको भनाइलाई बल पुऱ्याइ छ। विगतमा उपभोक्ता समितिबाट विकास निर्माण गर्दा योजनाको क्रय , बिक्रय , कार्यकर्ता धनी हुँदे जाने आमजनता र क्षेत्रको अवस्था यथावत नै रहने गरेको दृष्टान्त छ। विगतमा समितिबाट गरिएका कामप्रति आमजनताले असन्तुष्टि पोखेको तर कमीशनमा लिप्त भएकाहरुले त्यसलाई उत्कृष्टता दिएको ज्ञान हुँदा पनि पुनः बहुमतले त्यसैलाई निरन्तरता दिने कार्य गरेको छ । निर्माण व्यवसायीले मुख्यमन्त्रीलाई यसका दुर्बल पक्षबारे ध्यानाकर्षण गराइ टेण्डर प्रक्रियाबाट विकास निर्माण गराउन गरेको आग्रहलाई मुख्यमन्त्रीले सत्ता घटक र सत्ता मोहको चक्रमा विगत भएका बदनामीबाट आँखा चिम्लेका छन् जो आउने दिनमा प्रदेशवासीले मूल्याकन गर्ने नै छ । समृद्धि प्रदेशवासीको वा समृद्धि कार्यकर्ताको प्रश्न तेर्सिएको छ ।

# मधेश एजेन्डाको अठार वर्ष



रोशन जनकपुरी

नेपालमा भएको राजनीतिक संघर्षहरु र अन्ततः नेपाली जनताले लोकतान्त्रिक गणतन्त्र र संघीय शासन प्रणाली रोज्नुको उद्देश्य पारम्परिक केन्द्रीकृत राज्यसत्ताबाट क्षेत्रीय, जातिय र नस्लीय आधारमा शोषण, दमन र उत्पीडनमा परेका समुदायहरुमा राष्ट्रिय परिप्रेक्ष्यमा आफ्नो पहिचान सहितको उपस्थिति, राज्यसत्तामा सहभागिता तथा आत्मनिर्णय सहितको स्वशासनको चाहना थियो । राजतन्त्रबाट मुक्ति र गणतन्त्र त प्रायः सबैको चाहना थियो, तर आफ्नै देशमा आफ्नो रुप, रंग र भाषाको कारण, परम्परागतरुपमा राजकीय भेदभाव र उपेक्षा र आन्तरिक उपनिवेशीकरणको पीडा भोग्दै आएका, तराई मधेशमा बस्ने गैर नेपालीभाषी सांस्कतिक समुदायहरुको निम्ति सांस्कृतिक पहिचानसहितको संघीयता झन् बढी आवश्यक थियो । त्यसैले जब ०६४सालमा अन्तरीम सम्विधानमा संघीयता शब्द मूर्त्तरुपमा परेन, तराई मधेशमा यस प्रति व्यापक असन्तुष्टि प्रकट भयो । तराई मधेशका जनताहरुले आन्दोलन गरे र अन्ततः नेपालको सम्विधानमा संघीयता शब्द थपियो र देश सम्वैधानिकरुपमा संघीय लोकतान्त्रिक गणतन्त्र घोषित भयो । सांस्कृतिक अधिकार र पहिचान सहितको संघीय प्रदेशको अधिकार सम्पन्नताको निम्ति तराई मधेशमा पटक पटक आन्दोलन हुँदै आएको छ । भनौं यस मुद्दाले तराई मधेशमा क्षेत्रीय एजेन्डामा आधारित राजनीति नै विकसित भएको छ। जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, सदभावना पार्टी, राष्ट्रिय मुक्ति पार्टी र जनमत पार्टी जस्ता अनेक राजनीतिक दलहरु छन्, जो मधेश र क्षेत्रीय अधिकारको एजेन्डा विशेषको आधारमा संघ र प्रदेशमा सत्ता राजनीतिमा सहभागी छन् ।

०६४- ०६५साल तिर मधेशी एजेन्डामा आधारित जन्मने गरेका प्रायः सबै दलहरुले आफ्नो नाममा मधेश शब्द जोडने गरेका थिए। तर सम्भवतः क्षेत्रीय पहिचानबाट छुटकारा तथा राष्ट्रिय पार्टी बन्ने चाहनाले होला, यी पार्टीहरुको नामबाट मधेश शब्द हट्दै गएको देखिन्छ । तथापि चुनावी ट्र्याक्टिसमा भने मधेश कायम नै छ ।

नाम मात्रै होइन, समय सँगै मधेश केन्द्रित दलहरुको राजनीतिको एजेन्डाको रुप र अन्तर्वस्तु समेत फेरिँदै गएको छ। जतिबेला मधेशी जनअधिकार फोरम तथा तराई मधेश लोकतान्त्रिक पार्टी आदिको रुपमा मधेश केन्द्रित पार्टीहरुले मधेश आन्दोलन शुरु गरेका थिए, उनिहरुले समग्र तराई क्षेत्रलाई मधेशको रुपमा व्याख्या गरेका थिए। तर राजनीतिक आरोह अवरोहमा हाल नेपालको सातवटा प्रदेश मध्ये सप्तरीदेखि पर्सासम्मको आठवटा जिल्लालाई मधेश प्रदेश भनिएको छ ।

राजनीतिक घनीभूतताको दृष्टिलेपनि मधेशी भावनात्मक राजनीति यसै प्रदेशमा बढी बलियो देखिन्छ । यो बेग्लै कुरो हो कि मधेशी दलहरुको विभाजित, अस्थिर र केन्द्रीय सत्तामुखी चरित्रको कारण प्रदेशको चुनावी परिणाममा केन्द्रीय राजनीतिका शीर्ष राजनीतिक दलहरु एमाले, नेपाली काँग्रेस र माओवादी केन्द्रपनि प्रभावशाली देखिन्छ । अहिले मधेश प्रदेशसभामा सबैभन्दा ठूलो पार्टी एमाले छ र मधेशकेन्द्रित पार्टीहरुले आफ्नो नेतृत्वमा सरकार बनाउन ठूला दलहरुको सदासयता खोज्नु परेको छ।

नेपाली राजनीतिमा राजनीतिक चरित्रको दृष्टिले संघीयताका दुई मख्य कारकमा माओवादी जनयुद्ध र मधेश आन्दोलन छ। यद्यपि सम्विधानमा संघीयतालाई मूर्त्तरुपमा लेख्न लगाउनुमा मधेश आन्दोलन र मधेशकेन्द्रित दलहरुको भूमिका मूख्य थियो भन्नु अत्युक्ति हुँदैन । ०६२/०६३मा माओवादी जनयुद्धकारी शक्तिहरुसंग संसदीय राजनीतिक दलहरुको सम्झौतापछि शुरु भएको संयुक्त जनआन्दोलनको परिणाम नेपालमा लोकतान्त्रिक गणतन्त्र थियो। माओवादीशक्तिको जोडमा अन्तरीम सम्विधानको प्रस्तावनाको आसय 'एकतन्त्रीय राज्य व्यवस्थाको विरुद्ध' देखिएपनि र 'नयाँ र समतामूलक नेपाल'को परिकल्पना गरिएपनि ०६३ माघ १ गते जारी गरिएको अन्तरीम सम्विधानमा संघीय संरचना मूर्त्तरुपमा उल्लेख गरिएको थिएन । तराई मधेशमा यसप्रति व्यापक असन्तुष्टि व्यक्त भयो । तत्कालीन मधेशी जनअधिकार फोरम (मजफो)ले यसको विरुद्ध आन्दोलन शुरु गऱ्यो । यो आन्दोलन क्रमशः सम्पूर्ण तराई मधेशमा फैलिँदै गयो । आन्दोलनले जातीय क्षेत्रीय विभेदको अन्त्य, जातीय क्षेत्रीय स्वशासन सहितको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा सम्विधान सभाको लागि समानुपातिक निर्वाचन प्रणालीलाई माँगको रुपमा अगाडी सार्‍यो । आन्दोलनमा भएको प्रहरी दमनमा ३९जना मारिए, सयौँ घाइते भए । अन्ततः मधेशी जनअधिकार फोरम र सरकार बीच ०६४ भदौ १३ गते २२ बुँदै सम्झौता भयो। मृतकलाई क्षतिपूर्ति, घाइतेलाई राहत र उपचारको व्यवस्था जस्तो तात्कालिक माँगको अतिरिक्त राज्यका सबै संरचनामा मधेशी, दलित, आदिवासी जनजाति, मुस्लिम, महिला लगायत राज्यबाट पारम्परिकरुपमा उत्पीडित र पछि पारिएका समुदायको समानुपातिक प्रतिनिधित्व र साझेदारी, राज्य पुनर्संचना आयोगको गठन, सम्विधान सभाबाट स्वायत्त प्रदेशको निर्माण, सरकारी कामकाज र शिक्षामा मातृभाषा, नेपाली र अँग्रेजीको त्रिभाषीय नीति, सम्झौताका मूख्य विषयहरु थिए।



तर सम्झौता कार्यान्वयन उपेक्षामा पर्दै गएपछि मजफो र सदभावना पार्टी नेपालले संयुक्तरुपमा फेरी आन्दोलन शुरु गऱ्यो। नेपाली काँग्रेसबाट विद्रोह गरेर बाहिरिएका महन्थ ठाकुर तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा)को गठन गरेर आन्दोलनमा सामेल भए । अन्ततः सरकार र आन्दोलनकारी बीच ८ बुँदै अर्को सम्झौता भयो । विगतमा मजफोसँग गरिएको २२ बुँदे सभ्झौताको कार्यान्वयनको शर्तपनि यस सम्झौतामा समेटिएको थियो । हुन त मधेश आन्दोलन र सरकारसँगको सम्झौतामा परेका विषय र अपेक्षाहरु पहिलो नजरमा क्षेत्रीय चरित्रको देखिन्थ्यो । तर यी विषयहरुले नेपालमा संघीय सरचनाको आधार निर्माण गरिरहेको थियो । यसैको परिणाम हो कि शुरुमा तराई मधेशका जनताहरुको मात्रै एजेन्डा जस्तो देखिने संघीयताका अपेक्षाहरु पछि आदिवासी जनजाति, भौगोरिक उपेक्षामा परेका सुदूर पश्चिम र कर्णाली तथा थारु, मगरात लगायतको सांस्कृतिक पहिचान सहितको अधिकारको संघर्षमा समेत फेरियो । हाल कोशी प्रदेशमा लिम्बु र किराँत लगायत आदिवासी जनजाति समुदायले सांस्कृतिक पहिचान समेत झल्किने गरि प्रदेशको नाम राखिनु पर्ने माँग सहित चलाई रहेको आन्दोलनमा पनि यसको प्रभाव अनुभूत गर्न सकिन्छ । यसैको परिणाम थियो कि पहिलो सम्विधान सभाको निर्वाचनमा मधेश केन्द्रित दलहरु मजफो, तमलोपा र सदभावा पार्टी मिलाएर ८२ वटा सीट जीतेर संयुक्तरुपमा बलियो शक्तिको रुपमा देखिएका थिए।

तर मधेश केन्द्रित दलहरुको यो उत्साह धेरै रहेन । एजेन्डाको उदासीनता, सत्ता लालसामा आपसी खीँचातानी र फूटको कारण दोस्रो सम्विधान सभाको परिणाम उनिहरुको अपेक्षा विपरीत भयो । दोस्रो सम्विधान सभाको चरित्र जनयुद्ध र मधेश आन्दोलन अनुकुल रहेन । यसले प्रस्तुत गरेको सम्विधानको मस्यौदा अन्तरीम सम्विाधनभन्दा धेरै अर्थमा भिन्न थियो । यो माओवादी जनयुद्धको चरित्रको दृष्टिले पनि भिन्न थियो । संघीयताको विषयमा भने तत्कालीन ड्यास माओवादी (हालको मोहन वैद्य किरण नेतृत्वको क्रान्तिकारी कम्युनिस्ट पार्टी) आत्मनिर्णयको अधिकार सहितको स्वायत्त शासनको पक्षमा थियो। तराई मधेशको आन्दोलनको एजेन्डाको दृष्टिले त झन् भिन्न थियो।

दोस्रो सम्विधान सभाले जारी गरेको प्रस्तावित सम्विधान मस्यौदाको तराई मधेशमा व्यापक विरोध भयो। यस विरोधमा मधेशकेन्द्रित दलहरुसंगै तत्कालीन ड्यास माओवादी समेत सामेल थियो । मूख्यतः मधेशकेन्द्रित दलहरुको नेतृत्वमा भइरहेको यस विरोध प्रदर्शनमा सरकारी दमनमा परेर अनेकौँ मारिए र सयौँ घाइते भए। मधेशकेन्द्रित दलहरु तराई मधेशमा अधिकतम् दुईवटा प्रदेश माँगी रहेका थिए। तर प्रस्तावित नयाँ संरचनामा तराई मधेशलाई चारवटा प्रदेशमा विभाजित गरिएको थियो। चरम आन्दोलन र निर्मम प्रहरी दमन, अनेकौँ शहादत र सयौँ घाइते हुनुको बीच एकतर्फीरुपमा ०७२ साल असौज ३ गते सरकारले सम्विधानको घोषणा गऱ्यो । यसमा सप्तरीदेखि पर्सासम्मको आठवटा जिल्लाहरुलाई एउटा प्रदेश भनिएको थियो । सम्विधान जारी हुने बेला प्रदेश नम्बर २ भनिएको यो प्रदेश नै हाल मधेश प्रदेशको रुपमा परिचित छ।

हुन त मधेश केन्द्रित दलहरुले दोस्रो सम्विधान सभाबाट जारी सम्विधानलाई स्वीकार गरेनन् । हालसम्म पनि यस्मा हस्ताक्षर गरेका छैनन्। तर उनिहरुले आन्दोलनपनि बचाउन सकेका छैनन् । जतिबेला उनिहरु सत्ताको हिस्सा हुन्छन् आन्दोलन बिर्सिएका हुन्छन्, र जतिबेला सत्ताबाट बाहिर हुन्छन्, आन्दोलनको विलाप गर्न थाल्छन् । सत्तालोलुपता, आपसी कटु अन्तर्विरोध र मतैक्यको अभावमा आन्दोलन निष्कर्षहीन सेलाएर गयो । यद्यपि संघीयताको पक्षमा तराई मधेशका जनता र राजनीतिक दलहरुले गरेको संघर्ष, आन्दोलन र विरोध प्रदर्शनहरुले देशमा संघीयताको ढाँचा निर्माण तथा संघीयताका लोकतान्त्रिक अन्तर्वस्तुको विकासमा निर्णायक र दबाबमूलक भूमिका खेलेकोमा दुई मत छैन।

संघीय अधिकारको निम्ति भएको मधेश आन्दोलनको अठार वर्ष बितिसकेको छ। यस अवधिमा मधेश केन्द्रित पार्टीहरुले संघ र प्रदेशमा सत्तामा हिस्सेदारी गर्दै आएका छन्। मधेश प्रदेशमा त गठबन्धनमै भएपनि मधेश केन्द्रित दलहरुले नै निरन्तर नेतृत्व गर्दै आएका छन् । यद्यपि मधेश केन्द्रित दलहरु बीच मनोमालिन्यको कारण अचेल एउटा दल सत्तामा हुन्छ भने अर्को मधेशी दल विपक्षमा हुने गर्छ । अहिले निर्णायक नेपाली काग्रेस र एमाले नै भएपनि प्रदेश सरकारको नेतृत्व मधेशी एजेन्डालाई मान्ने जनमत पार्टीले गरिरहेको छ।

मधेश केन्द्रित दलहरुले मधेशी राजनीति र देशमा संघीयताको स्वामित्व आफूहरु रहेको दावी पटक पटक गर्ने गर्छन्। तर सत्तालोलुपताको कारण मधेशी एजेन्डा उपेक्षित हुँदै गएकोपनि उनिहरु कै कारण हो । संघीय सरकार, एउटा कारण हुनसक्छ, तर प्रदेशमा जसरी निरन्तर नौ वर्षदेखि उनिहरुले सरकार चलाउँदै आएका छन्, प्रदेशमा पनि आन्दोलन र एजेन्डा अलपत्र पर्नुमा उनिहरुलाई छुटकारा दिन सकिँदैन । मधेश केन्द्रित दलहरुको तीतो यथार्थ के हो भने उनिहरु आन्दोलनकारी भन्दापनि नियमित चुनावी राजनीतिक दलमात्रमा परिणत भएका छन् । तुलना गर्ने हो भने मधेश आन्दोलनमा उठाइएका एजेन्डाभन्दा कम माग पुरा भएको छ। सम्वैधानिक प्रावधान र आन्दोलनको क्रममा भएका सम्झौता अनुसार प्रदेशमा हस्तान्तरण हुनुपर्ने कयौँ कार्यालय, परियोजनाहरु र कार्यक्रमहरु अहिलेसम्मपनि संघीय सरकारले आफ्नो जिम्मामा राखि रहेको छ। हस्तान्तरण भै सकेका कयौ कार्यालय र योजनाहरु संघीय सरकारले फिर्ता लगिसकेको छ । सम्विधानमा उल्लेखित कयौँ प्रावधानहरु संघले समयमा ऐन निर्माण नगरिदिएर अहिलेपनि कार्यान्वयनको प्रतीक्षामा छन् र प्रदेश सरकारको कार्यसञ्चालन हुन सकको छैन। तर सत्ताको सुनौलो तिलस्ममा फँसेका मधेश केन्द्रित दलहरु एक आपसमा गलाकाट प्रतिस्पर्द्धामा व्यस्त छन्।

चुनाव नजिकिँदै गएपछि मधेश केन्द्रित दलहरु भित्र एकपटक फेरी एकता र मोर्चाको चर्चा शुरु भएको छ । केही पार्टीहरुले यसको निम्ति कार्यदल समेत गठन गरेका छन् । हुन त मधेशको राजनीतिमा मजदूर र किसान जस्ता वर्गीय एजेन्डाहरु सामेल छैन । तरपनि मधेशको मजदूर र किसानको सरोकारपनि मधेश एजेन्डासंग तात्विक रुपमै सरोकार राख्छ। किनभने मधेश प्रदेशमा पनि मजदूर किसान र श्रमजीवि वर्ग कै बहुलता छ।

त्यसैले उनिहरुले आफ्नो राजनीतिलाई मजदूर किसानको राजनीतिसंग जोडन सकेनन् भने उनिहरुको राजनीति सुरक्षित रहनपनि सक्दैन । यस दृष्टिकोणले विचार गर्नुपनि आवश्यक छ । तरपनि अहिले मधेश केन्द्रित दलहरु बीच एकता वा मोर्चा निर्माणको चर्चाले जनताबीच चासो बढाएकै छ। हुन त यी दलहरुको चरित्रमाथी विचार गर्ने हो भने कुनै सुदृढ एकता होला भन्ने सहजै विश्वास गर्न गाह्रो छ । तरपनि एकता हुनु राम्रो हो । विशेष गरेर पूर्ण समानुपातिकताको दृष्टिले संघीयतावादी शक्तिहरु बीच सचेतता र एकजुटता आवश्यक छ । यस दृष्टिले मधेश केन्द्रित दलहरु बीच चलेको एकता वा मोर्चा निर्माण होस भनेर कामना गर्नु पर्छ। मधेश केन्द्रित दलहरुले गणतन्त्रमा आफ्नो अठार वर्षको अभ्यासलाई समीक्षा गरेभने उनिहरुले एकताबद्ध हुँदाका सकारात्मक परिणाम र फूटको नकारात्मक परिणाम अनुभूत गर्न सक्छन्।

# गरिबी र असमानताको अन्त्य कहिले ?



रिसव गौतम

बढ्दो गरिबी र असमानता समकालीन विश्वको सर्वाधिक चिन्ताको विषय हो । तर एकातिर पछिल्लो दशक जसरी विश्वभर गरिबी र असमानता झाँगिदै गएको छ, उसैगरी धनीहरु भने झन धनी भइरहेका छन्। खासगरी बितेका केही वर्ष विश्व समुदायलाई नै अति प्रभावित तुल्याएको कोभिड-१९ को महामारी र केही देशहरुबीच भएको युद्धका कारण विश्वमा गरिबी तथा असमानता थप बढाएको तथ्याङ्कहरुले नै देखाएको छ।

सन् २०२३ जुलाई ११ मा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) र अक्सफोर्ड विश्वविद्यालयले सार्वजनिक गरेको कूल एक सय ११ देशलाई समेटेर तयार पारेको प्रतिबेदन 'ग्लोबल मल्टिडाइमेन्सनल प्रोभटी इन्डेक्स २०२३ (एमपिआई) को अनुसार विश्वमा अझै एक अर्ब १० करोड मानिस गरिबीको रेखामुनि छन् । एमपीआइले नै सन् २०२२ मा सार्वजनिक गरेको प्रतिवेदले विश्वमा एक अर्ब २० करोड मानिस गरिबीको अवस्थामा रहेको देखाएको थियो । प्रतिवेदनअनुसार गरिबी केही घटेको देखिए पनि सन् २०२३ मा विश्वको जनसंख्या आठ अर्ब ५० लाख पुगिसकेको छ।

एकातिर विश्वको जनसंख्या पृथ्वीले नै धान्न नसक्ने गरी बढिरहेको छ भने अर्कोतिर न्यून उत्पादन, भोकमरी, गरिबी र असमानताको दारुण अवस्था घट्न सकेको छैन। यसले गर्दा सन् २०३० सम्म विश्वबाट गरिबीको उन्मूलन गर्ने दिगो विकास लक्ष्यहरुका उद्देश्य पूरा नहुने स्पष्ट हुँदैछ । विश्वका नेताहरुले मानिस, पृथ्वी र समृद्धिका लागि तयार पारेको कार्ययोजनामा दिगो विकासका लागि गरिबीको अन्त्य अपरिहार्य भनिएको छ । दिगो विकास लक्ष्यअर्न्तगत गरिबीको अन्त्यसहित निर्धारण गरेका १७ वटा लक्ष्यमा साविकको अवस्थाबाट सन् २०३० सम्म उपलब्धि हासिल नहुने एमपीआईकै सन् २०२३ को प्रतिवेदनले सङ्केत गरिसकेको छ।

एमपीआईको प्रतिवेदनअनुसार दुई तिहाइ गरिबहरु ग्रिबी घटाउन धुरन्धर लागिपरेका मध्यम आय भएका मुलुकहरुमा बसोबास गर्छन् भने ३५ प्रतिशत गरिब न्यून आय भएका मुलुकमा बस्छन्। विश्वका गरिबमध्ये ८४ प्रतिशत मानिस ग्रामीण भेगमा बस्ने गरेका छन् भने विश्वका गरिबहरुमध्ये ५३ करोड ४० लाख मानिस सव-साहारा अफ्रिकामा बस्छन् । गरिबहरुमध्ये पनि ४८ करोड ५० लाख मानिस अति गरिबीको अवस्थामा गुज्रिएका छन् भने ५६ करोड ६० लाख गरिबहरु १८ वर्ष मुनिका बालबालिकाहरु रहेका छन् ।

एमपीआईले स्वास्थ्य, शिक्षा र जीवनस्तरको क्षेत्रमा त्यसभित्रका विभिन्न उपसूचकहरुमा केन्द्रित रहेर गरेको अध्ययन प्रतिवेदन तयार गरेको हो । पछिल्लो समय विश्वव्यापी गरिबीको बहुआयामिक आयामहरु समेटेर तयार गरिएको यो नै यस्तो प्रतिवेदन हो। यसले समकालीन आधुनिक विश्व जगत्मा गरिबीको दारुण अवस्थाको चित्र उतारेको छ । यसरी पछिल्लो दशक विश्वभर नै आर्थिक असमानता घट्न नसकेकोतर्फ विश्वका धेरै अर्थशास्त्रीहरुले चिन्ता र चासो व्यक्त गरिरहेका छन् । आर्थिक असमानता र गरिबी घटाउन महत्वपूर्ण कदम चाल्नसक्ने सङ्घसंस्थालाई विश्वका अर्थशास्त्रीहरुले सुझाव समेत दिइरहेका छन् । सन् २०१९ र २०२० मा दोस्रो विश्वयुद्धयताकै सबैभन्दा बढी असमानता बढेको र विश्वका सबैभन्दा धनी १० प्रतिशतले विश्वका आयको ५२ प्रतिशत हिस्सा ओगटेको तथ्याङ्क छ । विश्वका आधा जनसंख्यामा कुल आयको ८.५ प्रतिशत हिस्सा मात्र रहेको अवस्था छ।

एकातिर अहिले विश्वका अर्बौं मानिसले खाद्यान्नमा महँगी, अभाव र भोकमरी झेलिरहेका छन् भने अर्कोतर्फ यही अवधिमा विश्वमा अर्बपतिहरुको संख्या बढिरहेको देखिन्छ । विश्वका अर्बपतिहरुको सूची सार्वजनिक गर्दै आएको फोर्ब्सको नयाँ सूचीअनुसार सन् २०२४ मा विश्वमा दुई हजार सात सय ८१ जना डलरमा अर्बपति छन्। पछिल्लो सूची अघिल्लो सन् २०२३ कोभन्दा १४२ जनाले बढी हो। सो सूचीअनुसार विश्वमा सबैभन्दा बढी डरलमा अर्बपति अमेरिकाका छन्।

अमेरिकामा सन् २०२४ सम्ममा आठ सय १३ जना डलरमा अर्बपति पुगिसकेका छन् । अथाह पैसा कमाउने स्वतन्त्रता र वातावरण प्रदान गरेको विश्वकै पुँजीवादको खुला मैदान अमेरिकामा एलन मक्सको मात्रै आजको मितिमा ४२४ विलियन डलर सम्पति छ । जबकी संसारको २९ औं नम्बरको अतिकम विकासित तर करिब तीन करोड जनसंख्या भएको देश नेपालको कूल गार्हस्थ्य उत्पादनको आकार जम्मा ४२ विलियन डलरको रहेको छ। अर्थात् संसारका धनी एलन मक्स एक्लैको सम्पत्ति पूरै नेपालको कुल गार्हस्थ उत्पादनको आकार भन्दा १० गुणा बढी देखिन्छ। संसारमा धनी र गरिबबीचको असमानता कसरी बढिरहेको छ, त्यो नै उदाहरण काफी छ । पछिल्लो समय चीनमा पनि अमेरिकाकै रफ्तारमा डलर अर्बपति बढिरहेका छन् । चीनमा सन् २०२४ सम्ममा ४७३ जना अर्बपति छन्। भारतमा नै पछिल्लो समय दुई सय जना अर्बपति पुगिसकेका छन्।

सन् २०२४ मा विश्वका मुठिभर अर्बपतिहरुको कुल सम्पत्ति १४२ खर्ब डलर (१४ दशमलव दुई ट्रिलियन) रहेको छ । पछिल्ला वर्ष एसिया महादेशमा झन बढी अर्बपतिहरु थपिएका छन्।

त्यसले युरोप अमेरिकाभन्दा बढी असमानता एसियामा भित्रिरहेको देखाएको छ । फोर्ब्सको सूचीमा भारतीय नागरिकको संख्या दुई सय पुगिसकेको छ । त्यसैगरी समाजवादको अभ्यास गरिरहेको चिनिया अर्बपति संख्या फोर्ब्सको अनुसार चार सय ७३ जना पुगिसकेका छन् । नेपाल जस्तो गरिब देशले समेत विनोद चौधरीलाई अर्बपतिको रुपमा लगातार उल्लेख गर्दै आएको छ। यसरी विश्वभर नै चरम पुँजीवाद मौलाएको छ । यसले गर्दा सक्नेले धन बृहत्रुपमा थुपारिरहेका छन्। धनीहरु धनकै आडमा झन धनी भइरहेका छन् भने नसक्ने, गरिबहरु अभाव, रोगभोग, असमानताको दारुण जिन्दगी बाँचिरहेका छन्। पछिल्लो चुनौती के पनि छ भने गरिबी र असमानता कुनै वर्ग क्षेत्र अथवा देशमा सीमित नभएर सम्हाल्नै मुस्किल पर्ने गरी फैलिएको छ।

एकातिर विश्वभर पुँजीवाद मडारिएको छ भने समाजवाद र समाजिक न्याय यत्रतत्र कमजोर बनिरहेको छ। पृथ्वीमा उपलब्ध साधन स्रोत हरेक मानिसले समान रुपमा उपयोग गर्न पाउनु उसको मानवअधिकार हो । तर चरम पुँजीवादले उपलब्ध साधन र स्रोतहरु सीमित व्यक्तिमा निहित गरिरहेको छ। यसले चरम असमानता र गरिबी निम्त्याइरहेको छ। पुँजीवाद विकासको अस्त्र भए पनि त्यसलाई छाडारुपमा विकसित हुन नदिई सन्तुलन गर्दै समाजवादतर्फको यात्रा तय गर्नु आजको आवश्यकता हो।

### नेपालमा गरिबीको अवस्था

आर्थिक वर्ष २०७९/८० मा आइपुग्दा कोरानो महामारी, भूकम्पलगायतका प्राकृतिक विपत्तिलगायत कारण निरपेक्ष गरिबीमा रहेको जनसंख्या २०.२७ प्रतिशतमा (५८ लाख ६३ हजार गरिब) उक्लिएको राष्ट्रिय तथ्याङ्क कार्यालयको 'नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/८०)' मा उल्लेख छ। नेपालमा बहुआयामिक हिसाबको गरिबीमा जनसंख्याको २८.६ मानिस बाँचिरहेका छन्।

नेपालको आर्थिक विकास र समृद्धि नहुनुको काँडेतार गरिबी नै हो। यसलाई उन्मूलन गर्ने कुरामा सर्वपक्षीय ध्यान र लगानी जरुरत देखिन्छ । निरपेक्ष गरिबीले तोकिएको आयभन्दा कम आयले जीवनका आधारभूत आवश्यकता समेत पूरा गर्न कठिनाइको अवस्था इंगित गर्छ । त्यसलाई उन्मूलन गरेर आम मानिसको ध्यान विकास र समृद्धिमा केन्द्रित गर्नुपर्ने आवश्यकता छ।

नेपालमा गरिबी निवारण गर्ने उद्देश्यले नै सरकारी तबरबाटै विभिन्न कार्यक्रम सञ्चालित छन् । तर ती कार्यक्रम प्रभावकारी हुन नसकेकाले लक्षितरुपमा गरिबी घट्न नसकेको तथ्याङ्कले पुष्टि गरिरहेको छ।

# नेपाल न्यायोचित र अन्तर्राष्ट्रिय हितसहितको राष्ट्रिय हितका पक्षमा छ : प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल न्यायोचित र अन्तर्राष्ट्रिय हितसहितको राष्ट्रिय हितका पक्षमा रहेको स्पष्ट गर्नुभएको छ ।

नेकपा (एमाले) को परराष्ट्र मामिला विभागद्वारा सोमबार आयोजित 'नेपालको परराष्ट्र नीतिबारे सांसद संवाद' कार्यक्रमलाई आज सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले साना र ठूला राष्ट्रको हित समान हित हो भन्ने मान्यताका साथ नेपालको सार्वभौमिकता, स्वाभिमान र भौगोलिक अखण्डताका पक्षमा नेपाल सदैव कटिबद्ध रहने स्पष्ट पार्नुभयो ।

"हामी हाम्रो राष्ट्रिय हितका कुरा गरिहेदा विश्व शान्ति र मानवीय हितलाई पनि सँगै राखेर हेर्ने गर्छौं । संयुक्त राष्ट्रसङ्घको बडापत्र, पञ्चशील र असंलग्नताका सिद्धान्तहरू हामी निर्देशित छौं । हामी पारस्परिक लाभ र सहअस्तित्वमा विश्वास गर्छौं", प्रधानमन्त्री ओलीले भन्नुभयो, "हाम्रा कोही शत्रु छैनन्, सबै हाम्रा मित्र हुन् भन्ने भावका साथ हामीले वैदेशिक सम्बन्ध कायम गर्छौं । भूराजनीतिलाई देखाएर आफ्नो कायरतालाई लुकाउने काम हामी गर्दैनौं । राष्ट्रिय हितको रक्षा गर्न भूराजनीतिक परिस्थितिलाई हामी सन्तुलितरूपमा सामना गर्न सक्छौं । छिमेकी देशसँग उत्तालो नभइकन खुलस्त र मित्रतापूर्णरूपमा आफ्ना जायज कुरा राख्नुपर्छ । जिस्क्याउने लटपटयाएर नबुझिने गरी कूटनीतिक संवाद गर्नुपर्छ भन्ने छैन । बुझिने गरी संवाद गर्नुपर्छ । त्यसरी कुरा गर्दा अर्को पक्षले पनि आफ्नो धारणा बनाउन सहजता महसुस गर्न सक्छ ।"

उहाँले राष्ट्रिय स्वार्थलाई तिलाञ्जली दिएर सत्ता स्वार्थका लागि घुँडा टेक्नु राष्ट्रिय हित नभएको र सानो देश हौं भन्ने हीनताभाव पाल्नुपर्ने आवश्यकता नरहेको धारणा पनि व्यक्त गर्नुभयो । राष्ट्रिय हितभन्दा सत्ता स्वार्थ र स-साना कुराहरूलाई महत्व दिने प्रवृत्ति गलत भएको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले नेपालले आर्थिक, सांस्कृतिक र कूटनीतिक हितलाई ध्यान दिएर विश्वसनीय र जिम्मेवाररूपमा आफूलाई प्रस्तुत गर्ने बताउनुभयो ।

प्रधानमन्त्री ओलीले संसदा हरेक विषयमा विस्तृत अध्ययन र तयारीका साथ प्रस्तुत हुन र संसदलाई जिउँदो जाग्दो बनाउन सांसदहरूलाई सुझाव दिनुभयो । कार्यक्रममा विश्व व्यवस्थामा नेपालको परराष्ट्र नीति, बदलिँदो भू-राजनीतिक परिवेश, जलवायु राजनीति र कूटनीतिजस्ता विषयमा परराष्ट्र मामिला विज्ञहरूले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।रासस

# सामाजिक सुरक्षा अवधारणामा सहभागी हुन दूतावासको आग्रह

काठमाण्डु । कुवेतस्थित नेपाली दूतावासले सरकारले ल्याएको सामाजिक सुरक्षा अवधारणामा सहभागी हुन नेपाली श्रमिकलाई आग्रह गरेको छ ।

वित्तीय सचेतना, विप्रेषण तथा सामाजिक सुरक्षा कोषलगायत महत्वपूर्ण विषयहरुमा सचेतना अभिवृद्धिका लागि कुवेतस्थित वित्तीय संस्था तथा मनि ट्रान्सफर एजेन्सीको भूमिका सम्बन्धमा 'वित्तीय सचेतना तथा सुरक्षित विप्रेषण आप्रवाह' विषयक अन्तरक्रिया कार्यक्रम गरी सो आग्रह गरेको हो ।


कार्यक्रममा कुवेतका गैरआवासीय नेपाली सङ्घ, नेपाल पत्रकार महासङ्घ वैदेशिक शाखाका प्रतिनिधि र नेपालमा पैसा पठाउने कुवेतस्थित अधिकांश वित्तीय क्षेत्रका सङ्घसंस्थामा कार्यरत नेपाली प्रतिनिधिको सहभागिता रहेको दूतावासले जनाएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै राजदूत घनश्याम लम्सालले कुवेतमा कार्यरत नेपाली श्रमिकलाई वित्तीय सचेतनाका बारेमा जानकारी दिन आवश्यक रहेको बताउनुभयो । वित्तीय सचेतना र सामाजिक सुरक्षा कार्यक्रमको महत्वका बारेमा नेपाली श्रमिकलाई सरल तरिकाले बुझाएर उक्त कार्यक्रममा समेट्नुपर्ने उहाँको भनाइ थियो ।

कार्यक्रमका सहभागीले वित्तीय सचेतना, नेपालमा विप्रेषण पठाउने तरिका यसको प्रवृत्ति र सम्भावनाहरु तथा सामाजिक सुरक्षा कोषलाई अझ प्रभावकारी बनाउन र श्रमिकको सहभागिता वृद्धि गर्ने सम्बन्धमा आ-आफ्ना धारणाहरु राखेका थिए । सहभागीले वित्तीय सचेतनाको विषयमा राजदूतावासबाट सम्बोधन भएकामा राजदूतावासलाई धन्यवाद दिएका थिए ।

उक्त कार्यक्रममा कुवेतको वित्तीय क्षेत्रमा कार्यरत नेपाली प्रतिनिधि तथा राजदूतावासका अन्य कूटनीतिक कर्मचारीहरुको उपस्थिति रहेको थियो ।रासस

# कर्जा लगानी बढ्न नसक्नु चिन्ताको विषयः अर्थमन्त्री पौडेल



काठमाण्डु । उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बैंकबाट कर्जा लगानी अपेक्षितरुपमा बढ्न नसक्नु चिन्ताको विषय रहेको बताउनुभएको छ ।

कृषि विकास बैंक लिमिटेडको सोमबार आयोजित ५८औं वार्षिकोत्सवका अवसरमा अर्थमन्त्री पौडेलले बैंकहरुमा निक्षेप सङ्कलन राम्रो देखिए पनि कर्जा प्रवाह बढ्न नसक्नु गम्भीर विषय रहेको बताउनुभयो । "पछिल्लो दिनहरुमा बैंकको बचत बढेको छ तर कर्जा अपेक्षित रुपमा बढेको छैन । यो चिन्ताको विषय हो । हामीले उत्पादन, उत्पादकत्व वृद्धि गर्ने र रोजगारी सिर्जना गर्ने सम्भावित क्षेत्रमा बैंकको लगानी बढाउँदै जानुपर्छ", अर्थमन्त्री पौडेलले भन्नुभयो ।

उहाँले कृषि विकास बैंकलाई थप व्यावसायिक र प्रतिस्पर्धी भएर काम गर्नसमेत निर्देशन दिनुभयो ।

"बैंकको सञ्चालक समिति, व्यवस्थापन र कर्मचारीको सामूहिक प्रयासबाट बैंक प्रतिस्पर्धी बन्दै गएको छ । तर हामी यसैमा रमाएर बस्ने होइन । अझै राम्रो, अब्बल र प्रतिस्पर्धी बैंकका रुपमा अगाडि बढ्नुपर्छ", अर्थमन्त्री पौडेलले भन्नुभयो, "व्यवस्थापन र कर्मचारीबीच राम्रो सम्बन्ध नहुँदा कतिपय संस्थाहरुले अपेक्षित प्रगति गर्न नसकेको तितो अनुभव हामीसँग छ । यसकारण बैंकको व्यवस्थापन र कर्मचारीबीचको सम्बन्ध जीवन्त हुनुपर्छ ।" कृषि विकास बैंक जुन उद्देश्यले स्थापना भएको हो त्यो प्राप्त गर्ने कुरालाई सर्वोच्च प्राथमिकता दिनुपर्ने उहाँको भनाइ थियो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले मुलुकको आर्थिक तथा वित्तीय क्षेत्रका सूचकहरु सुधार हुँदै गएको र अर्थतन्त्र लयमा फर्किन थालेको बताउनुभयो । यद्यपि, बैंकहरुले कर्जा असुलीमा केही समस्या भोगिरहेको उहाँले स्वीकार गर्नुभयो ।

"मुलुकको वर्तमान आर्थिक तथा वित्तीय सूचकहरु हेर्दा समग्रमा अर्थतन्त्र सुधारोन्मुख छ । बाह्य क्षेत्रमा सन्तुलन छ । बाढीपहिरोका कारण मुद्रास्फीति व्यवस्थापनमा केही चाप देखिए पनि समग्रमा वाञ्छित सीमाभित्रै छ । बैंकमा तरलता पर्याप्त छ । ब्याजदर घटेको छ", गभर्नर अधिकारीले भन्नुभयो, "गतवर्षको तुलनामा भन्दा सरकारी राजस्व बढेको छ । आयात-निर्यात बढ्न थालेको छ । पछिल्लो समय पुँजी निर्माणसँग सम्बन्धित सामानहरुको आयात बढेको छ । यसकारण हामी निरुत्साहित हुनुहुँदैन । हाम्रा सकारात्मक पक्ष धेरै छन् ।"

बैंक तथा वित्तीय संस्थाको कर्जा असुलीमा भने केही समस्या देखिएका कारण यसले खराब कर्जा बढाएको उहाँको भनाइ थियो । "अर्थतन्त्र लामो समय शिथिल भएका कारण र पछिल्लो समय केही अराजक गतिविधि गर्ने तथा ऋण नतिर्ने भनेर अभियान चलाउने व्यक्ति र समूहका कारण कर्जा असुलीमा समस्या भएको छ । यसले दीर्घकालमा कति असर पार्छ भने कुरामा हामी सजग छौं", गभर्नर अधिकारीले भन्नुभयो ।

> अझै राम्रो, अब्बल र प्रतिस्पर्धी बैंकका रुपमा अगाडि बढ्नुपर्छ", अर्थमन्त्री पौडेलले भन्नुभयो, "व्यवस्थापन र कर्मचारीबीच राम्रो सम्बन्ध नहुँदा कतिपय संस्थाहरुले अपेक्षित प्रगति गर्न नसकेको तितो अनुभव हामीसँग छ ।

कृषि विकास बैंकको व्यवस्थापन र कार्यक्षमता अब्बल रहेकोसमेत गभर्नर अधिकारीले बताउनुभयो । नेपालमा कृषि क्षेत्रमा लगानी गर्ने नेतृत्व कृषि विकास बैंकले गरिरहेको उहाँको भनाइ थियो । बैंकिङ प्रणालीबाट कृषि क्षेत्रमा भएको लगानीमा यो बैंकको मुख्य योगदान रहेको गभर्नर अधिकारीले बताउनुभयो । वित्तीय समावेशीता प्रवर्द्धन, ग्रीन फाइनान्स, प्रविधिप्रयोग लगायतका विषयमा बैंकले राम्रो गरिरहेको उहाँले बताउनुभयो ।

बैंकको सञ्चालक समिति अध्यक्ष रामशरण पुडासैनीले दिगो बैंकिङ र वित्तीय स्थायित्वका लागि प्रचलित कानुन र नियामक निकायको निर्देशनको सही पालना, जोखिम व्यवस्थापन, प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली र कर्जाको गुणस्तर कायम गर्ने कार्यलाई उच्च प्राथमिकता दिएको उल्लेख गर्नुभयो ।

आधुनिक बैंकिङ सुविधा, संस्थागत सुशासन, सुरक्षित तरिकाले सूचनाप्रविधिको उच्चतम प्रयोग, लगानीमैत्री नीतिलगायतका माध्यमबाट व्यवसाय विस्तार र गुणस्तरीय सेवा प्रवाहमा विशेष ध्यान पुऱ्याएको उहाँको भनाइ छ ।

नेपालको ग्रामीण तथा कृषि क्षेत्रको विकासमा सहयोग गर्ने प्रमुख उद्देश्यका साथ वि.सं. २०२४ माघ ७ गते रु पाँच करोड अधिकृत पुँजीसहित कृषि विकास बैंकको स्थापना भएको थियो । बैंकले कृषि र कृषिमा आधारित उद्योग व्यवसायको विकास एवं कृषिको आधुनिकीकरण, औद्योगीकरण, यान्त्रीकरण र व्यवसायीकरणका लागि सरल र सुलभ कर्जा प्रदान गर्दै आएको छ ।

अहिले बैंक ५१ प्रतिशत सरकारको र ४९ प्रतिशत सर्वसाधारणको स्वामित्वमा रहेको छ । बैंकले हालसम्म एक लाख ५१ हजार कर्जा ग्राहकमा करिब रु दुई खर्ब छ अर्ब कर्जा लगानीमा रहिरहेको छ । त्यसैगरी करिब २० लाख ३४ हजार निक्षेपकर्ताको रु दुई खर्ब ५९ अर्ब निक्षेप परिचालन गरिरहेको छ ।

बैंकको अधिकृत पुँजी रु २५ अर्ब, जारी पुँजी रु १९ अर्ब २८ करोड ६४ लाख ५१ हजार तीन सय छ । संस्थापक शेयरधनी नेपाल सरकारको ५१ प्रतिशतले हुन आउने रु सात अर्ब छ करोड ६१ लाख ६४ हजार तीन सय ९३ र सर्वसाधारण समूह शेयरधनीको ४९ प्रतिशतले रु छ अर्ब ७८ करोड ९० लाख ५९ हजार नौ सय सात कायम हुनेछ ।

यसैगरी बैंकको पुँजीकोषको अवस्था सुदृढ र मजबुत देखिएको छ । गत वर्ष १३ दशमलव ७५ प्रतिशत रहेको पुँजीकोष अनुपात गत मङ्सिरसम्ममा १३ दशमलव १४ प्रतिशत छ । हाल बैंकको शेयरधनी सङ्ख्या करिब तीन लाख रहेको छ ।

आगामी दिनमा बैंकले कोषको लागत कम गर्ने, खर्च घटाउने, न्यूनतम सञ्चालन खर्च कायम गर्ने, निष्क्रिय कर्जा अझै घटाउँदै लैजाने, नयाँ र योग्य जनशक्ति बजारबाट भित्र्याउनेलगायत काम गर्दै जाने योजना रहेको बैंकका प्रवक्ता एवं कम्पनी सचिव हिमलाल पौडेलले जानकारी दिनुभयो ।रासस

# विपीनको रिहाइबारे परराष्ट्रमन्त्रीद्वारा इजिप्टका विदेशमन्त्रीसँग फोनवार्ता

काठमाण्डु । हमास अतिवादी समूहको नियन्त्रणमा रहेका नेपाली युवा विपीन जोशीको रिहाइका लागि पहल गरिदिन आग्रह गर्दै परराष्ट्र मन्त्री डा आरजु राणा देउवाले इजिप्टका विदेशमन्त्री डा बदर अब्देल-अतिसँग सोमबार फोनवार्ता गर्नुभएको छ ।

इजरायल सरकार र हमासबीच शान्तिवार्ता र युद्धविराम भएपछि आफ्नो नियन्त्रणमा रहेका बन्दीहरूलाई हमासले आइतबारबाट मुक्त गर्ने प्रक्रियाको थालनी गरेको छ ।



परराष्ट्रमन्त्री डा राणाले पहिलो चरणमै विपीनको रिहाइका लागि पहल गरिदिन विदेशमन्त्री डा अब्देल अतिमार्फत् इजिप्ट सरकारसँग आज सो आग्रह गर्नुभएको हो ।

आफ्नो स्वास्थ्य उपचारका लागि बैंककमा रहनुभएकी मन्त्री डा राणाले त्यहीँबाट इजिप्टका मन्त्रीसँग फोनवार्ता गर्नुभएको हो ।

फोनवार्ताका क्रममा मन्त्री डा राणाले इजरायल सरकार र हमासबीचको युद्धविरामका लागि इजिप्टले निर्वाह गरेको भूमिकाका लागि इजिप्ट सरकारलाई धन्यवाद दिनुभएको थियो । त्यसैगरी इजिप्टका विदेशमन्त्री डा अब्देल अतिले विपीनको रिहाइका लागि आफूले इजिप्टका मध्यस्थकर्तालाई विशेष निर्देशन दिने बताउनुभएको थियो ।

इजरायल सरकार र हमासबीच युद्धविरामको कुराकानी भएदेखि नै मन्त्री डा राणाले हमाससँगको शान्तिवार्ताका लागि मध्यस्थता गरिरहेका कतार र इजिप्टसँग विपीन रिहाइका लागि विशेष पहल गरिदिन आग्रह गरिरहनुभएको छ ।

केही दिनमात्र अघि मन्त्री डा राणाले कतारका विदेश राज्यमन्त्री डा मोहम्मद बिन अब्दुलाजिज अल(खुलाइफीसँग पनि फोनवार्ता गरी सोही आग्रह गर्नुभएको थियो ।

खुलाइफी शान्तिवार्ताका प्रमुख वार्ताकार एवं मध्यस्थकर्ता हुनुहुन्छ ।

त्यसैगरी मन्त्री डा राणाले इजरायलका विदेशमन्त्री गिडियन सारसँग पनि केही दिनअघि फोनवार्ता गरी हमासहरुले अपहरण मुक्त गर्न लागेका भनिएका व्यक्तिहरुको पहिलो चरणमै विपीन जोशीको रिहाइका लागि पहल गरिदिन विशेष आग्रह गर्नुभएको थियो ।

विपीनको रिहाइका लागि नेपाल सरकारले गत वर्षदेखि नै कूटनीतिक प्रयास जारी राखेको छ । रासस

# शिक्षा नै मुलुक विकास र समृद्धिको मुख्य आधारः अध्यक्ष दाहाल



गोरखा । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले शिक्षा नै मुलुक विकास र समृद्धिको मुख्य आधार भएको बताउनुभएको छ ।

गोरखा नगरपालिका-८ आहालेस्थित श्री सरस्वती माध्यमिक विद्यालयको स्वर्ण जयन्ती तथा अभिभावक दिवस समारोहको सोमबार उद्घाटन गर्नुहुँदै पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका उहाँले शिक्षा क्षेत्रको विकास देशको प्राथमिकतामा हुनुपर्नेमा जोड दिनुभयो ।

"शिक्षा नै त्यस्तो आधार हो, जहाँबाट मुलुकको विकास र समृद्धि सम्भव छ, यसले अनुशासन र स्थिरताको आधार तयार गर्नसक्छ", अध्यक्ष दाहालले भन्नुभयो, "त्यसका लागि शैक्षिक क्षेत्रको सुधार गर्न वर्षौंदेखि अगाडि बढ्न नसकेको शिक्षा विधेयकलाई मैले नेतृत्वमा रहेको मन्त्रिपरिषद्ले पारित गरेर सदनमा छलफलका लागि पुऱ्याएको छु ।"

> अध्यक्ष दाहालले शिक्षा क्षेत्रलाई अगाडि बढाउनका लागि राज्यले लिने प्रतिबद्धताको स्तरले देशकै सभ्यता, विकास र सुशासनको स्तर मापन हुने बताउनुभयो ।

शिक्षा क्षेत्रमा पर्याप्त लगानी गरेर मात्र शैक्षिक क्षेत्रको सुधार सम्भव रहेको उहाँको भनाइ थियो । अध्यक्ष दाहालले शिक्षा क्षेत्रलाई अगाडि बढाउनका लागि राज्यले लिने प्रतिबद्धताको स्तरले देशकै सभ्यता, विकास र सुशासनको स्तर मापन हुने बताउनुभयो ।

"हामी कहाँ अझै पनि शिक्षालाई व्यापारको आधार बनाउने काम रोकिएको छैन", अध्यक्ष दाहालले भन्नुभयो, "संविधानमा शिक्षालाई मौलिक अधिकारका रुपमा व्याख्या त गरियो तर संविधान बनेको लामो समय बितिसक्दा पनि शिक्षा ऐन नबन्दा समस्या भइरहेको छ ।"

संविधानमा शिक्षालाई जनताको मौलिक अधिकारका रुपमा उल्लेख गरेको भए पनि आवश्यक ऐन निर्माण नगर्दा र बजेट विनियोजन नहुँदा समस्या भएको उहाँको भनाइ छ ।रासस

# रैथाने खानाको प्रवर्द्धनमा ध्यान दिन आवश्यक



काठमाण्डु । नेपाली काँग्रेसका महामन्त्री गगनकुमार थापाले कृषि जैविक विविधताको संरक्षण तथा प्रवर्द्धनका साथै रैथाने खानाको बजारीकरणमा सरोकारवाला निकायले ध्यान दिन आवश्यक भएको बताउनुभएको छ ।

ग्यास्ट्रोनोमी टुरिजम एसोसिएसन अफ नेपालले आयोजना गरेको तेस्रो 'राष्ट्रिय जैविक विविधता सप्ताह-२०८१' को समापनका अवसरमा सोमबार उहाँले सरकारले ल्याउन लागेको कृषि ऐनमा कृषिको जैविक विविधताको विषय समेटिने विश्वास व्यक्त गर्नुभयो ।

महामन्त्री थापाले कृषि मन्त्रालयले बनाउँदै गरेको नयाँ ऐनमा रैथाने बीउबिजन, उत्पादन र कृषि जैविक विविधताको संरक्षण कृषिको मूल आधारको रुपमा हेरिनुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "जलवायु परिवर्तन र वन संरक्षणको विषय निकै महत्वका साथ उठाइने गरिएको छ, तर कृषि जैविकताको विषय भने ओझेलमा परेको छ, अहिले कृषि ऐन बनिरहेको सन्दर्भमा यसलाई केन्द्रमा ल्याउने अवसर आएको छ, यसका सबैको सक्रियता चाहिन्छ ।"

महामन्त्री थापाले विदेशी पर्यटकलाई नेपालको रैथाने खानाको परिकारको स्वाद चखाउन सके नेपालको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले सबै जातजाति र समुदायको खाना, रहनसहन, पाककला र संस्कृति जोडेर पर्यटन प्रवर्द्धन गरिनुपर्ने बताउनुभयो ।

त्यसअवसरमा वरिष्ठ सेफ गोविन्दनरसिंह केसीले परम्परागत खानाको संरक्षण तथा प्रवर्द्धनमा नयाँ पुस्ताले ध्यान दिनुपर्ने खाँचो औंल्याउनुभयो । उहाँले नेपाली खानालाई विश्व बजारमा प्रवर्द्धनका लागि विभिन्न मुलुकमा खाना प्रदर्शनी आयोजना गरिएको र यसले नेपाली खानाको प्रवर्द्धनमा मद्दत पुगेको उल्लेख गर्नुभयो ।

ग्यास्ट्रोनोमी टुरिजम एसोसिएसनका सल्लाहकार श्रीराम अधिकारीले स्वस्थ्य जीवन र पर्यावरणकालागि रैथानेपरिकारको उपयोगलाई व्यापक बढाइनुपर्ने बताउनुभयो ।

बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रका अधिवक्ता बलराम रिजालले कृषि जैविक विविधताको महत्व कृषि, स्वास्थ्य, पर्यटनलगायतसँग जोडिएकाले यसको प्रवर्द्धनका लागि सबै सरोकारवालाले ध्यान दिनुपर्ने खाँचो औंल्याउनुभयो ।

नेपाल युवा परिषद्का संस्थापक अध्यक्ष सरोज बाँनियाले रैथाने बीउ र बालीको उत्पादन तथा प्रवर्द्धनका साथै जैविक विविधता संरक्षणमा युवापुस्ताले सक्रियता जनाउनुपर्ने बताउनुभयो ।

सेफ एसोसिएसन अफ नेपालका पूर्वअध्यक्ष श्याम लामाले रैथाने खाद्यान्नको माध्यमबाट खाना पर्यटन प्रवर्द्धन गरिनुपर्ने धारणा राख्नुभयो ।

बागमती प्रदेश कृषि तथा पशुपन्छी विकास मन्त्रालयका वरिष्ठ सल्लाहकार डा आलोक प्राइले कृषि जैविक विविधताको संरक्षण प्रवर्द्धनमा सरकार र निजी क्षेत्रको साझेदारीता फराकिलो बनाएर लैजानुपर्नेमा जोड दिनुभयो ।

ग्यास्ट्रोनोमी टुरिजम एसोसिएसनका अध्यक्ष रमेश भण्डारीले नेपाली खानालाई अन्तर राष्ट्रियरुपमा प्रवर्द्धन गर्ने उद्देश्यले विगत पाँच वर्षदेखि जैविक विविधता संरक्षण दिवस मनाइँदै आइएको बताउनुभयो । संस्थाले हिमाल, पहाड र तराईका रैथाने खानाको संरक्षण र प्रवर्द्धनका लागि विभिन्न प्रचारात्मक अभियान सञ्चालन गर्दै आएको उहाँको भनाइ छ ।रासस

# सन् २०२४ मा अर्बपतिहरूको सम्पत्ति वृद्धि

डाभोस। एपी

विश्वका केही राजनीतिक र वित्तीय अभिजात वर्गहरू स्विट्जरल्यान्डको डाभोसमा वार्षिक भेलाका लागि तयार हुँदा एक प्रमुख गरिबी विरोधी समूहले सोमबार अर्बपतिहरूको सम्पत्ति सन् २०२४ मा अघिल्लो वर्षको तुलनामा तीन गुणा तीव्र गतिमा बढेको रिपोर्ट गरेको छ।



विश्व आर्थिक मञ्चको बैठक सुरु हुने अवसरमा वैश्विक असमानताको आफ्नो नवीनतम मूल्याङ्कनमा अक्सफाम इन्टरनेसनलले आगामी दशकमा कम्तीमा पाँच खर्बपति देखापर्ने अनुमान गरेको छ। एक वर्षअघि समूहले त्यो समयमा एक मात्र खर्बपति देखापर्ने पूर्वानुमान गरेको थियो।

अक्सफामको अनुसन्धानले निवर्तमान राष्ट्रपति जो बाइडेनले गत हप्ता दिनभएको 'थोरै अति-धनी व्यक्तिहरूको हातमा शक्तिको खतरनाक केन्द्रीकरण' को चेतावनीलाई थप बल दिएको छ।

समूहको 'टेकर्स नट मेकर्स' शीर्षकको तीखो रिपोर्टले पनि सन् १९९० देखि गरिबीमा परेका मानिसहरूको सङ्ख्यामा मुस्किलले परिवर्तन भएको बताएको छ।

विश्व आर्थिक मञ्चले डाभोसको अल्पाइन गाउँमा हुने वार्षिक बैठकमा व्यापारिक अधिकारी, शिक्षाविद्, सरकारी अधिकारी र नागरिक समूहका नेताहरूसहित करिब तीन हजार सहभागी हुने अपेक्षा गरेको छ।

**चिन्ताको विषय के हो ? ... 'नयाा कुलीनतन्त्र'**

आफ्नो पहिलो कार्यकालमा दुई पटक डाभोसको भ्रमण गर्नुभएका र सोमबार पदको शपथ लिने तयारी गर्नुभएका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार भिडियोमार्फत मञ्चको कार्यक्रममा भाग लिनुहुने अपेक्षा गरिएको छ।

उहाँले आफ्नोसहित लामो समयदेखि सम्पत्ति सञ्चयको वकालत गर्दै आउनुभएको छ र अर्बपति एलन मस्कलाई प्रमुख सल्लाहकारको रूपमा गणना गर्नुभएको छ।

"तपाईंले अहिले के देख्नुभएको छ भने आज एक अर्बपति राष्ट्रपतिले सबैभन्दा धनी व्यक्तिको समर्थनमा शपथ लिइरहेका छन्। त्यसैले यो विश्वव्यापी कुलीन वर्गको मुकुटको गहना हो", अक्सफाम इन्टरनेसनलका कार्यकारी निर्देशक अमिताभ बेहरले ट्रम्प र मस्कलाई उल्लेख गर्दै एक अन्तर्वार्तामा भन्नुभयो, "यो एक विशेष व्यक्तिको बारेमा होइन। यो हामीले सिर्जना गरेको आर्थिक प्रणाली हो जहाँ अर्बपतिहरू अहिले आर्थिक नीतिहरू, सामाजिक नीतिहरूलाई आकार दिन सक्षम छन्, जसले अन्ततः उनीहरूलाई बढीभन्दा बढी नाफा दिन्छ।"

बाइडेनको अमेरिकी कर संहितामार्फत अर्बपतिहरूलाई 'उनीहरूको उचित हिस्सा तिर्न सुरु गर्न' को आह्वान जस्तै वैश्विक वकालत समूह अक्सफामले असमानता र अत्यधिक सम्पत्ति घटाउन सबैभन्दा धनीमाथि कर लगाउन र 'नयाँ कुलीनतन्त्र विघटन गर्न' सरकारहरूलाई आह्वान गरेको छ।

समूहले एकाधिकार तोड्ने, सिइओको तलब सीमित गर्ने र कर्पोरेशनहरूलाई कामदार हरूलाई 'जीवनयापन ज्याला' तिर्न सुनिश्चित गर्न नियमन गर्ने जस्ता कदमहरूको आह्वान गरेको छ।

**सबैभन्दा गरिबहरूको अवस्था कस्तो छ ?**

शीर्ष टेक कम्पनीहरू र एस एन्ड पी ५०० जस्ता स्टक-मार्केट सूचकाङ्कहरूका साथै सुनको मूल्य र बिटक्वाइन जस्ता क्रिप्टोकरन्सीहरूको लागि बलियो प्रदर्शनका कारण धेरै लगानीकर्ताहरूले २०२४ मा बलियो लाभ उठाए।

गत वर्ष अर्बपतिको सम्पत्ति दुई खर्ब डलरले बढेको अक्सफामले जनाएको छ। यो सन् २०२३ को तुलनामा तीन गुणा बढी हो र दैनिक पाँच अर्ब ७० करोड डलर हो।

अर्बपतिहरूको सङ्ख्या २०४ ले बढेर दुई हजार ७६९ पुगेको छ र १० धनी व्यक्तिहरूको सम्पत्ति औसतमा एक दिनमा लगभग १० करोड डलर बढेको छ। विश्व बैंकको तथ्याङ्कलाई उद्धृत गर्दै उक्त समूहले सन् १९९० देखि दैनिक छ दशमलव ८५ डलरभन्दा कम आयमा जीवनयापन गर्ने मानिसहरूको सङ्ख्यामा 'मुस्किलले परिवर्तन' भएको भन्दै लामो समयसम्म चलेको गरिबीलाई औँल्याएको छ।

अक्सफामले अति-धनीहरूको तथ्याङ्कका लागि नोभेम्बरको अन्त्यसम्मको फोर्ब्सको 'रियल-टाइम बिलियनेयर लिस्ट' प्रयोग गरेको छ।यसको विपरीत सन् २०२४ मा प्रत्येक हप्ता कम्तीमा चार नयाँ अर्बपति 'टकमरी (अत्यन्त धनी)' भएका थिए र अर्बपति सम्पत्तिको तीन-पाँचौँ भाग उत्तराधिकार, एकाधिकार शक्ति वा 'क्रोनी कनेक्सन' बाट आउँछ।

औसतमा अक्सफामले कम र मध्यम आय भएका देशहरूले आफ्नो राष्ट्रिय बजेटको लगभग आधा ऋण भुक्तानीमा खर्च गरिरहेको बताएको छ। साथै समूहले युरोपमा ७९ वर्ष भन्दा बढीको तुलनामा अफ्रिकामा आयु ६४ वर्ष भन्दा कम रहेको बताएको छ।

**के यो वर्ष डाभोसमा फेरि सामान्य जस्तै व्यापार हुनेछ ?**

केही पश्चिमी देशहरूमा बलियो नेताहरूको उदय भइरहेको र व्यवसाय जगत्मा विविधता र जलवायु परिवर्तन जस्ता प्रगतिशील मुद्दाहरू कमजोर हुँदै गएको अवस्थामा अति धनी र गरिबबीचको बढ्दो खाडलका बावजुद मङ्गलबारदेखि औपचारिक रूपमा सुरु हुने वार्षिक डाभोस सम्मेलनले यस वर्ष पनि पैसा कमाउने र सम्झौता गर्नेमा ध्यान केन्द्रित गर्ने सम्भावना छ।

धेरै क्षेत्रमा एआईले धेरै सेतो-कलर रोजगारहरू बढाउन सक्छ र उद्योगहरूको शृङ्खलामा कामदारहरूलाई विस्थापित गर्न सक्छ भन्ने चिन्ताका बाबजुद अधिक दक्षता प्राप्त गर्न व्यवसायका लागि उपकरणका रूपमा कृत्रिम बुद्धिमत्ताको निरन्तर वृद्धि पनि डाभोसमा फेरि एउटा केन्द्रीय विषय हुनेछ।

# नेपाल स्कटल्यान्डसँग एक विकेटले पराजित




काठमाण्डु। मलेसियामा जारी आइसिसी यु-१९ महिला टी-ट्वान्टी विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत सोमबार भएको खेलमा नेपाल स्कटल्यान्डसँग एक विकेटले पराजित भएको छ।

मलेसियाको युकेएम ओभल क्रिकेट मैदानमा सम्पन्न खेलमा नेपालले प्रस्तुत गरेको ७४ रनको लक्ष्य स्कटल्यान्डले १८ दशमलव चार ओभरमा नौ विकेटको क्षतिमा पूरा गर्‍यो।

स्कटल्यान्डका लागि पिपा स्प्रोलले ४७ बलमा तीन चौकाको सहयोगमा ३५ रन बनाइन्। त्यसैगरी, ग्याब्रियला फोन्टेन्लाले १२ रन जोडिन्।

बलिङतर्फ नेपालकी सिमना केसी र रचना चौधरीले समान दुई-दुई विकेट लिए भने कप्तान पूजा महतो र कृष्मा गुरुङले समान एक/एक विकेट लिए।

त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको नेपालले १८ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै ७३ रन मात्रै बनाउन सक्यो।

नेपालका लागि कप्तान पूजा महतोले ४३ बलमा तीन चौकाको सहयोगमा २७ रन जोडिन। त्यसैगरी, सावित्री धामीले १० रन जोड्नुबाहेक अन्य ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन्।

स्कटल्यान्डका लागि मैसी म्याकिरा एक्लैले पाँच विकेट लिइन् भने अमी बलडाइ र नइमा शेखले समान दुई/दुई विकेट लिए।

त्यस्तै, क्रिस्टी म्यायाकोलले एक विकेट झारिन्।

प्रतियोगितामा नेपालको यो लगातार दोस्रो हार हो। यसअघि भएको पहिलो खेलमा नेपाल बङ्गलादेशसँग पराजित भएको थियो। जितसँगै स्कटल्यान्डले सुपर सिक्समा पुग्ने सम्भावनालाई बलियो बनाएको छ। स्कटल्यान्ड पहिलो खेलमा अष्ट्रेलियासँग पराजित भएको थियो।रासस

# बेपत्ता पत्रकारको खोजीका लागि सिरियाली नयाँ नेताद्वारा प्रतिवद्धता

एएफपी

दमास्कस। सिरियामा सन् २०१२ मा बेपत्ता भएका अमेरिकी पत्रकार अस्टिन टाइसकी आमा डेब्रा टाइसले सोमबार दमास्कसमा युद्धग्रस्त सिरियाको नयाँ नेतृत्व आफ्नो छोराको खोजीका लागि प्रतिबद्ध रहेको बताउनुभएको छ।



सन् २०१२ को अगष्टमा एक चेकप्वाइन्टमा पक्राउ परेका टाइस एजेन्स फ्रान्स-प्रेस(एएफपी), म्याकक्लाची न्यूज, द वासिङ्टन पोस्ट, सिबिएस र अन्य सञ्चार माध्यमका लागि स्वतन्त्र पत्रकारका रूपमा कार्यरत हुनुहुन्थ्यो।

सिरियाका नयाँ नेता अहमद अल-शरासँगको वार्तापछि दमास्कसमा पत्रकारसँग कुरा गर्दै टाइसले भन्नुभयो, "मलाई सिरियाको नयाँ नेतृत्वसँग भेट्ने सौभाग्य प्राप्त भएको छ। सिरियाली नयाँ नेतृत्वले तपाईंहरूको पत्रकार (मेरो छोरा) लाई घर ल्याउन समर्पित र कटिबद्ध रहेको बताएको छ यसले मलाई असाध्यै खुसी बनाएको छ।"

उहाँले सोमबार अमेरिकी राष्ट्रपतिको रुपमा कार्यभार सम्हाल्नुभएका डोनाल्ड ट्रम्पको आगामी प्रशासनले आफ्नो छोरालाई स्वदेश फर्काउनका लागि काम गर्ने आशा व्यक्त गर्नुभयो।

"आज नेता ट्रम्पले राष्ट्रपतिको सपथ लिनुहुनेछ र उहाँले सिरियाली सन्दर्भ र अमेरिकी नागरिकका बिषयमा एउटा पृष्ठ बदल्नुहुनेछ," उहाँले भन्नुभयो। उहाँले भन्नुभयो, "मलाई ठूलो आशा छ, ट्रम्प प्रशासन अस्टिनलाई घर फर्काउन लगनशीलरूपमा लाग्नेछ।"

"म राष्ट्रिय सुरक्षा सल्लाहकार माइक वाल्ट्ज र राष्ट्रपति विशेष दूत एडम लोगनसहित टोलीसँग नजिकबाट काम गर्न उत्सुक छु।"डेब्रा टाइसले आफू ट्रम्प प्रशासनसँग सहकार्य गर्न आतुर रहेको बताउनुभएको छ।

उहाँले भन्नुभयो "उहाँका मानिसहरू मकहाँ पुगिसकेका छन्।"

"मैले विगत चार वर्षदेखि यस्तो आश्वासन पाएको थिइन। यसैले म उनीहरूको सहयोग र संलग्नताको लागि धेरै उत्सुक छु, मलाई लाग्छ कि उनीहरू यसलाई छिटो गर्नेछन्।"गत महिना अमेरिकी अधिकारीहरूले सिरियाको नयाँ नेतृत्वले टाइसको खोजीमा सहयोग गरेको बताएका थिए।

बन्धकहरूबारे अमेरिकी पोइन्टम्यान रोजर कार्स्टेन्सले भन्नुभयो, "हामीलाई लाग्छ कि अमेरिकी प्रशासनले उहाँ कहाँ हुनुहुन्छ पत्ता लगाउनु र उहाँलाई घर फर्काउनु उसको कर्तव्य हो।" सिरियाली निरंकुश राष्ट्रपति बसर अल असदलाई सत्ताच्युत गरेपछि अमेरिकी अधिकारीहरूको दमास्कसको पहिलो भ्रमणका क्रममा कार्स्टेन्सले यस्तो टिप्पणी गर्नुभएको थियो।

# उद्घाटन दिवस, ट्रम्प-शैली : के हुनेछ ?

एएफपी

वासिङ्टन। चाहे नवनिर्वाचित होस् वा कार्यालयमा फर्किरहेको होस्, आगामी नेताको व्यक्तिगत विशेषताले आकार दिएको भव्यताबीच लामो समयदेखि स्थापित समारोहमा हरेक चार वर्षमा अमेरिकाको राष्ट्रपतिले उद्घाटन दिवसमा शपथ लिन्छन्।



यहाँ सोमबार ट्रम्प ४७ औँ राष्ट्रपतिका रूपमा शपथ लिँदा हुने भव्यता र समारोहको एक झलक प्रस्तुत गरिएको छ।

**शपथ**

अमेरिकी संविधानले प्रत्येक नयाँ राष्ट्रपतिको कार्यकाल जनवरी २० को मध्याह्न (वा यदि यो आइतबार परेमा भोलिपल्ट) सुरु हुने र राष्ट्रपतिले पद तथा गोपनीयताको शपथ लिनुपर्ने अनिवार्य गरेको छ।हालका वर्षहरूमा राष्ट्रपतिहरूले क्यापिटलको मनोरम पश्चिमी लनमा एक विशाल अस्थायी मञ्चबाट शपथ लिने गरेका छन्। यस वर्ष चिसो मौसमको पूर्वानुमानका कारण यो क्यापिटल रोटुन्डा भित्र हुनेछ।

प्रायः सर्वोच्च अदालतका प्रधान न्यायाधीशद्वारा शपथ दिलाइन्छ र सोमबार ट्रम्पका लागि जोन रोबर्ट्सको दोस्रो पटक अध्यक्षता हुनेछ।

नयाँ राष्ट्रपतिले आगामी चार वर्षका लागि आफ्ना योजनाहरू प्रस्तुत गर्दै उद्घाटन सम्बोधन पनि गर्नुहुनेछ।

रिपब्लिकन राष्ट्रपति ट्रम्पले सन् २०१७ मा आफ्नो पहिलो कार्यकालमा 'अमेरिकी विनाश' को विशेष रूपमा अन्धकारमय भाषणसँगै सुरु गर्नुभएको थियो। आगामी उपराष्ट्रपति जे.डी. भान्सले पनि शपथ लिनुहुनेछ।

**पाहुनाहरू**

विशेष गरी ट्रम्पियन मोडमा ट्रम्पले आफ्ना क्याबिनेट मनोनीतहरू जस्ता परम्परागत पाहुनाहरूसँगै उद्घाटनमा भाग लिन धेरै प्रविधि दिग्गजहरूलाई निमन्त्रणा गर्नुभएको छ।

अमेरिकी मिडियाका अनुसार अर्बपति एलन मस्क, जेफ बेजोस र मार्क जुकरबर्गका साथै चिनियाँ सामाजिक मिडिया दिग्गज टिकटकका प्रमुख शौ च्यु उपस्थित हुनुहुनेछ।

ट्रम्पले प्रविधि उद्यमीहरूसँग नजिकको सम्बन्ध बनाउनुभएको छ र उहाँको अभियानले टिकटक, मस्कको एक्स र जुकरबर्गको फेसबुक र इन्स्टाग्राम जस्ता सामाजिक मिडिया प्लेटफर्महरूमा फैलिएको गलत सूचनाबाट फाइदा लिएको छ।

सन् २०२० मा आफूले ट्रम्पलाई हराउँदा ट्रम्पले आफ्नो शपथ ग्रहण समारोहमा उपस्थित हुन अस्वीकार गर्नुभए पनि निवर्तमान राष्ट्रपति जो बाइडेन समारोहमा उपस्थित हुनुहुनेछ।सबै जीवित पूर्व राष्ट्रपतिहरू- बिल क्लिन्टन, जर्ज डब्लु बुस र बाराक ओबामाका साथै मिशेल ओबामाबाहेक उहाँहरूका पत्नीहरू उपस्थित हुनुहुनेछ।

यसको अर्थ सन् २०१६ को राष्ट्रपति चुनावमा ट्रम्पसँग पराजित हिलारी क्लिन्टनका साथै गत नोभेम्बरमा पराजित उपराष्ट्रपति कमला ह्यारिस पनि त्यहाँ हुनुहुनेछ। परम्परागत रूपमा राष्ट्र प्रमुखहरूलाई निमन्त्रणा गर्रिदैन तर ट्रम्पले केही

> विशेष गरी ट्रम्पियन मोडमा ट्रम्पले आफ्ना क्याबिनेट मनोनीतहरु जस्ता परम्परागत पाहुनाहरुसँगै उद्घाटनमा भाग लिन धेरै प्रविधि दिग्गजहरुलाई निमन्त्रणा गर्नुभएको छ । अमेरिकी मिडियाका अनुसार अर्बपति एलन मस्क, जेफ बेजोस र मार्क जुकरबर्गका साथै चिनियाँ सामाजिक मिडिया दिग्गज टिकटकका प्रमुख

विदेशी नेताहरूलाई निमन्त्रणा पठाउनुभएको छ। यसमा उहाँको दक्षिणपन्थी राजनीति साझा गर्ने केही नेता समावेश छन्।

इटालीका दक्षिणपन्थी प्रधानमन्त्री जोर्जिया मेलोनी उपस्थित हुने कुरा उहाँको कार्यालयले शनिबार पुष्टि गरेको छ। हङ्गेरीका भिक्टर ओरबान, अर्जेन्टिनी राष्ट्रपति जाभियर मिलेई र चीनका सी जिनपिङलाई पनि निमन्त्रणा गरिएको छ, तर सबै उपस्थित हुनुहनेछैन।सीले आफ्नो स्थानमा उपराष्ट्रपति हान झेङलाई पठाउनुभएको छ। हानले आइतबार जे.डी. भान्ससँग भेट गर्नुभयो।

**भित्र सार्ने निर्णय**

भीडको आकार ट्रम्पको प्राथमिकता हो, तर भित्री कार्यक्रममा अन्तिम क्षणको परिवर्तनले उहाँको घमण्डलाई धक्का पुर्‍याउन सक्छ।

ट्रम्पले शुक्रबार चिसो तापक्रमका कारण उद्घाटन क्यापिटल रोटुन्डामा सार्ने घोषणा गर्नुअघि दुई लाख २० हजारभन्दा बढी टिकट सार्वजनिक रूपमा वितरण गरिँदै थियो। क्यापिटल रोटुन्डामा करिब छ सय जना मात्र बस्न सक्छन्। ट्रम्पले समर्थकहरूले वासिङ्टनको क्यापिटल वन खेलकुद क्षेत्रबाट प्रत्यक्ष फिड हेर्नसक्ने बताउनुभयो। त्यहाँ २० हजारसम्मको क्षमता छ। ट्रम्पले पछि आउने वाचा गर्नुभयो।

**आदेशहरू**

ट्रम्पले आफ्नो कार्यकालको पहिलो दिन करिब १०० वटा कार्यकारी आदेशमा हस्ताक्षर गर्ने तयारी गरिरहेको बताउनुभएको छ। तीमध्ये धेरै बाइडेन प्रशासनका नीतिहरू उल्ट्याउने लक्ष्य राखिएको छ।

"पदभार ग्रहण गरेको केही घण्टाभित्रै मैले दर्जनौँ कार्यकारी आदेशमा हस्ताक्षर गर्नेछु, लगभग १०० वटा।

तीमध्ये धेरै म भोलिको मेरो सम्बोधनमा वर्णन गर्नेछु", ट्रम्पले आइतबार उद्घाटन-पूर्व क्यान्डल लाइट डिनरमा समर्थकहरूलाई भन्नुभयो।

आफ्ना धेरै प्रतिज्ञामध्ये उहाँले सामूहिक निर्वासन कार्यक्रम सुरु गर्ने र तेल उत्खनन बढाउने वाचा गर्नुभएको छ। उहाँले सन् २०२१ जनवरी ६ मा क्यापिटलमा तोडफोड गर्ने आफ्ना दङ्गाकारीहरूलाई छिट्टै माफी दिनसक्ने पनि बताउनुभएको छ।उद्घाटन लगत्तै अमेरिकी अधिकारीहरू र जापान, भारत र अस्ट्रेलियाका विदेशमन्त्रीहरूबीच बैठक हुने योजना छ। यसलाई 'क्वाड' भनिन्छ र चीनको प्रतिवजनका रूपमा हेरिन्छ।

**सङ्गीत**

ट्रम्पको सन् २०१७ को पहिलो उद्घाटनमा उहाँसँग जोडिन चाहने थोरै ए-लिस्ट सङ्गीतकारसँग सेलिब्रिटी शक्तिको कमी देखिएको थियो। ट्रम्पको उद्घाटन २.० अझ राम्रो अवस्थामा छ। शपथ ग्रहण समारोहमा कन्ट्री स्टार केरी अन्डरवुडले 'अमेरिका द ब्युटिफुल' गाउनुहुनेछ।

कन्ट्री गायक ली ग्रिनवुडले पनि प्रस्तुति दिनुहुनेछ।

उहाँको देशभक्तिपूर्ण गीत 'गड ब्लेस द युएसए' ट्रम्प र्‍यालीहरूमा मानक छ।आइतबारको उद्घाटनपूर्व र्‍यालीमा किड रक र भिलेज पिपलको प्रदर्शन समावेश थियो। उनीहरूले सन् १९७० को दशकको हिट 'वाई.एम.सी.ए.' प्रस्तुत गर्दा उनीहरूसँग ट्रम्प स्टेजमा नाच्नुभयो।

**द गलास**

जेसन एल्डियन, रास्कल फ्लाट्स र गेभिन डेग्रा प्लस द भिलेज पिपल लगायत देशका सङ्गीतकारहरूले सोमबार राति ट्रम्पका तीन आधिकारिक उद्घाटन नृत्य समारोहहरूमा प्रस्तुति दिनेछन्।

ट्रम्प निमन्त्रणा-मात्र भएका तीनै समारोहहरूमा उपस्थित हुने अपेक्षा गरिएको छ। अन्य धेरै अनौपचारिक समारोहहरू पनि योजना गरिएका छन्।

# कोलम्बियामा सशस्त्र झडपमा परी चार दिनमा ८० जनाको मृत्यु, हजारौं विस्थापित

एएफपी

तिबु। कोलम्बियामा शान्ति प्रक्रिया ठप्प भइरहेका बेला ससस्त्र लडाकूबीच नयाँ शृङ्खला बिस्तार भएपछि चार दिनमा सर्वसाधारणसहित ८० जनाभन्दा बढीको मृत्यु भएको छ।

सशस्त्र झडपका घटनापछि करिब ११ हजार मानिस विस्थापित भएका अधिकारीहरूले सोमबार जानकारी दिएका छन्।

त्यहाँका बासिन्दाहरू आफ्नो ज्यान जोगाउन भागेपछि सेनाले कोकिन खेती गर्ने क्याटाटुम्बो क्षेत्रमा करिब पाँच हजार सैनिक तैनाथ गरेको थियो।

नेशनल लिबरेशन आर्मी (ईएलएन) सशस्त्र समूहले गत बिहीबार क्याटाटुम्बोमा पार्क गुरिल्ला फोर्सका भूतपूर्व सदस्यहरू सम्मिलित प्रतिद्वन्द्वी समूहमाथि आक्रमण गरेको अधिकारीहरूले बताएका छन्।

नर्ते डी सान्तान्दर विभागका गभर्नर विलियम भिल्लामिजारका अनुसार हिंसात्मक घटनाका कारण नागरिकहरू ठाउठाउमा फसेका र आइतबारसम्ममा '८० जनाभन्दा बढीले ज्यान गुमाइसकेका' अनुमान गरिएको छ।

मोटरसाइकल, डुङ्गामा ब्याकप्याक र सामान बोकेका वा खुला ट्रकमा बसी हिंसाबाट त्रसित बासिन्दाहरू सप्ताहन्तमा यस क्षेत्रबाट भागेका थिए।

आर्थिक र राजनीतिक उथलपुथलबाट गाउहरूबाट भागेर सयौँले तिबु शहरमा शरण लिएका थिए भने केही सीमा पार गरेर भेनेजुएला पुगेका थिए।

भेनेजुएलाले 'कोलम्बियाबाट विस्थापित व्यक्तिहरूको सहायताका लागि एक विशेष अभियान' सुरु गरेको घोषणा गरेको कोलम्बिया सरकारले जनाएको छ।

भेनेजुएला भागेका ४५ वर्षीय किसान जियोभान्नी भालेरोले भन्नुभयो, "कोलम्बियाली नागरिकको हैसियतले मेरो देश छोड्नु मेरो लागि पीडादायी छ।क्याटाटुम्बोको अवस्था सुल्झिने छ र उनीहरू फर्कन सक्नेछन् भन्ने आशा विस्थापित सर्वसाधारणले गरेका छन्।"

सन् २०२२ मा निर्वाचित भएपछि राष्ट्रपति गुस्ताभो पेट्रोले अझै पनि कोलम्बियाको केही भागहरूमा नियन्त्रण गरिरहेका इएलएन र अन्य सशस्त्र समूहहरूसँग वार्ता सुरु गर्नुभएको थियो।

# तरकारी र फलफूलको मूल्य

काठमाण्डु । कालिमाटी फलफूल तरकारी विकास समितिले सोमबारका लागि कृषि उपजहरूको थोक मूल्य निर्धारण गरेको छ ।

समितिका अनुसार प्रस्तुत तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो । सोमबार गोलभैँडा ठूलो (भारतीय) प्रतिकेजी रु ७०, गोलभैँडा सानो (लोकल) प्रतिकेजी रु २५, गोलभैँडा सानो (भारतीय) प्रतिकेजी रु ४०, गोलभैँडा सानो (तराई) प्रतिकेजी रु ३०, आलु रातो प्रतिकेजी रु ४३, आलु रातो (भारतीय) प्रतिकेजी रु ४०, प्याज सुकेको (भारतीय) प्रतिकेजी रु ६५, गाजर (लोकल) प्रतिकेजी रु ५०, गाजर (तराई) प्रतिकेजी रु ४०, बन्दा (लोकल) प्रतिकेजी



रु ३०, बन्दा (तराई) प्रतिकेजी रु २०, बन्दा (नरिवल) प्रतिकेजी रु २०, काउली स्थानीय प्रतिकेजी रु २०, स्थानीय काउली (ज्यापु) प्रतिकेजी रु ३०, काउली (तराई) प्रतिकेजी रु २०, मूला रातो प्रतिकेजी रु ३०, मूला सेतो (लोकल) प्रतिकेजी रु २०, सेतो मूला (हाइब्रिड) प्रतिकेजी रु ३०, भन्टा लाम्चो प्रतिकेजी रु ४०, भन्टा डल्लो प्रतिकेजी रु ५० कायम भएको छ ।

यसैगरी, मकै बोडी प्रतिकेजी रु ७०, मटरकोसा प्रतिकेजी रु ६०, घिउ सिमी (लोकल) प्रतिकेजी रु ६०, घिउ सिमी (हाइब्रिड) प्रतिकेजी रु ६०, घिउ सिमी (राजमा) प्रतिकेजी रु ६०, टाटे सिमी प्रतिकेजी रु ४०, तिते करेला प्रतिकेजी रु १३०, लौका प्रतिकेजी रु ६०, परवर (तराई) प्रतिकेजी रु १००, फर्सी पाकेको प्रतिकेजी रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकेजी रु २०, हरियो फर्सी (डल्लो) प्रतिकेजी रु २०, सलगम प्रतिकेजी रु १००, भिण्डी प्रतिकेजी रु १३०, सखरखण्ड प्रतिकेजी ७०, बरेला प्रतिकेजी रु ४०, पिँडालु प्रतिकेजी रु १००, स्कूस प्रतिकेजी रु ५०, रायो साग प्रतिकेजी रु २०, पालुङ्गो साग प्रतिकेजी ५०, चमसुरको साग रु ५०, तोरीको साग प्रतिकेजी रु ३०, मेथीको साग प्रतिकेजी रु ५०, प्याज हरियो प्रतिकेजी रु ५०, बकुला प्रतिकेजी रु ७०, तरुल प्रतिकेजी रु १००, च्याउ (कन्य) प्रतिकेजी रु ८०, च्याउ (डल्ले) प्रतिकेजी रु ३०० निर्धारण गरिएको छ ।

ब्रोकाउली प्रतिकेजी रु ३०, चुकुन्दर प्रतिकेजी रु ९०, रातो बन्दा प्रतिकेजी रु ६०, जिरीको साग प्रतिकेजी रु ७०, ग्याठ कोबी प्रतिकेजी रु ९०, सेलरी प्रतिकेजी रु ४००, पार्सले प्रतिकेजी रु ८००, सौफको साग प्रतिकेजी रु ८०, पुदिना प्रतिकेजी रु ४००, गान्टे मूला प्रतिकेजी रु ८०, इमली प्रतिकेजी रु १६०, तामा प्रतिकेजी रु १००, तोफु प्रतिकेजी रु १२०, गुन्द्रुक प्रतिकेजी रु ३०० तोकेको छ ।

समितिले स्याउ (झोले) प्रतिकेजी रु २६०, स्याउ (फूजी) प्रतिकेजी रु ३००, केरा (दर्जन) रु १७०, अनार प्रतिकेजी रु ४००, अङ्गुर (हरियो) प्रतिकेजी रु २४०, अङ्गुर (कालो) प्रतिकेजी रु ३८०, सुन्तला (नेपाली) प्रतिकेजी रु १२०, सुन्तला (भारतीय) प्रतिकेजी रु १००, काँक्रो (लोकल) प्रतिकेजी रु १६०, काँक्रो (हाइब्रिड) प्रतिकेजी रु ९०, निबुवा प्रतिकेजी रु ५०, नासपाती (चाइनिज) प्रतिकेजी रु २५०, मेवा (नेपाली) प्रतिकेजी रु ५०, मेवा (भारतीय) प्रतिकेजी रु १००, अम्बा प्रतिकेजी रु १२०, लप्सी प्रतिकेजी रु ५०, स्ट्रबेरी (भुइऐसेलु) प्रतिकेजी रु ५००, किबी प्रतिकेजी रु २५०, आभोकाडो प्रतिकेजी रु २५०, अमला प्रतिकेजी रु ७० निर्धारण गरिएको छ ।

यसैगरी, अदुवा प्रतिकेजी रु १२०, खुर्सानी सुकेको प्रतिकेजी रु ४००, खुर्सानी हरियो प्रतिकेजी रु ८०, खुर्सानी हरियो (बुलेट) प्रतिकेजी रु ८०, खुर्सानी हरियो (माछे) प्रतिकेजी रु ८०, खुर्सानी हरियो (अकबरे) प्रतिकेजी रु ३००, भेडे खुर्सानी प्रतिकेजी रु ७०, लसुन हरियो प्रतिकेजी रु १२०, हरियो धनिया प्रतिकेजी रु ४०, लसुन सुकेको चाइनिज प्रतिकेजी रु ३००, लसुन सुकेको नेपाली प्रतिकेजी रु ३००, छ्यापी सुकेको प्रतिकेजी रु १६०, छ्यापी हरियो प्रतिकेजी रु २५०, ताजा माछा (रहु) प्रतिकेजी रु ३५०, ताजा माछा (बचुवा) प्रतिकेजी रु २६०, ताजा माछा (छडी) प्रतिकेजी रु २६०, ताजा माछा (मुङ्गरी) प्रतिकेजी रु ४५०, रुख टमाटर प्रतिकेजी २०० राजा च्याउ प्रतिकेजी रु ३०० र सिताके च्याउ प्रतिकेजी रु ८०० तोकेको छ ।रासस

# सुन्तला उत्पादन घटेपनि मूल्य वृद्धि हुँदा किसान उत्साहित



धरान । गत वर्षको तुलनामा सुन्तलाको उत्पादन घटे पनि मूल्य वृद्धि हुँदा पूर्वी पहाडका किसान उत्साहित भएका छन् । गत वर्षको तुलनामा यस वर्ष २० प्रतिशतले सुन्तला उत्पादन घटेको व्यापारीहरुको भनाइ छ ।

उत्पादन कम भए पनि बजारमा मुल्य गत वर्षको तुलनामा वृद्धि भएको छ । यतिबेला धनकुटाको खोकु, छिन्ताङ्, बुधुक, भोजपुरलगायत पूर्वी पहाडी जिल्लाबाट धरानस्थित कृषि उपज बजारमा किसानले सुन्तला बिक्री गर्न ल्याइरहेका छन् ।

धरान कृषि बजारमा गत वर्षमा पुस र माघ महिनाको तुलनामा यस वर्ष कमै मात्रामा सुन्तला ल्याइएको धरान कृषिबजार व्यवस्थापन समितिका व्यवस्थापक अध्यक्ष लक्ष्मण भट्टराईले बताउनुभयो ।

यस वर्ष सुन्तला फल लाग्ने समयमा मौसम परिवर्तन र भारी वर्षाका कारण गत वर्षको तुलनामा उत्पादनमा कमी भएको भोजपुरका किसान प्रदीप राईले बताउनुभयो ।

उहाँले भन्नुभयो, “गत वर्षहरुमा १५ देखि २० मेट्रिक टनसम्म सुन्तला फल्ने गर्थ्यो यस वर्ष भने १२ मेट्रिक टन मात्र सुन्तला फल्यो ।” उहाँले विगत १८ वर्षदेखि सुन्तला व्यापार गर्दै आएको बताउनुभयो ।

धरान कृषि बजारमा कात्तिक महिनाको अन्तिम सातादेखि हालसम्म दुई हजार पाँच सय मेट्रिक टन सुन्तला बिक्री भइसकेको छ ।

दैनिक रुपमा धरान कृषि बजारमा २५ टन बढी सुन्तला आउने गरेको धरान कृषिबजार व्यवस्थापन समितिका व्यवस्थापक अध्यक्ष भट्टराईले बताउनुभयो । गत वर्ष धरान कृषिबजारमा प्रतिकिलो रु ७० सम्ममा बिक्री भएको सुन्तला हाल प्रतिकिलो रु एक सयदेखि रु. दुई सयसम्ममा बिक्री भइरहेको छ । सुन्तलाको मूल्य मौसमअनुसार घटबढ हुने गर्छ ।

घाम लागेको समयमा सुन्तलाको मूल्य वृद्धि हुने र घाम नलागेको दिन मूल्य घट्ने व्यापारीहरुको भनाइ छ । कृषिउपज बजारस्थलको तथ्याङ्कअनुसार गत वर्ष धरानमा आठ हजार पाँच सय मेट्रिक टन सुन्तला बिक्री हुँदा करिब रु एक अर्ब बराबरको कारोबार भएको थियो । यस वर्ष भने पाँच हजार मेट्रिक टन सुन्तला खरिद बिक्री हुँदा कृषिबजारबाट रु ६० करोड हाराहारीको कारोबार अनुमान गरिएको छ ।

पूर्वी पहाडका भोजपुर, धनकुटा, तेह्रथुम, पाँचथर, संखुवासभा र खोटाङसम्मका सुन्तला धरान ल्याउने गरिएको छ । व्यापारीले धरानबाट इटहरी, इनरुवा, विराटनगर, विर्तामोड, दमक र मधेश प्रदेशका विभिन्न जिल्लासम्म सुन्तला बिक्रीका लागि पु-याउने गरेका छन् ।रासस

# अलैँची बिक्रीबाट २२ करोड आम्दानी

लमजुङ । यहाँका किसानले अलैँची बिक्री गरेर रु २२ करोड आम्दानी गरेका छन् ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाइ लमजुङका निमित्त वरिष्ठ कृषि अधिकृत हरिबहादुर मिजारका अनुसार चालु आर्थिक वर्षमा जिल्लामा उत्पादित एक सय ५० मेट्रिक टन अलैँची किसानले बिक्री गरेका छन् । यस वर्ष जिल्लामा प्रतिकिलो रु एक हजार पाँचदेखि दुई हजार चार सयसम्ममा अलैँची बिक्री भएको छ ।

त्यसैगरी, गत आर्थिक वर्ष २०८०/८१ मा जिल्लाका किसानले दुई सय ५१ मेट्रिक टन अलैँची बिक्री गरी रु २४ करोड आम्दानी गरेका थिए ।

मिजारका अनुसार गत वर्ष जिल्लाका किसानले प्रतिकिलो रु एक हजार दुई सयका दरले अलैँची बिक्री गरेका थिए । गत वर्षको तुलनामा यस वर्ष उत्पादन घटेको हो ।

त्यसैगरी, आर्थिक वर्ष २०७९/८० मा तीन सय ८० मेट्रिक टन अलैँची बिक्रीबाट रु २० करोड आम्दानी भएको थियो । उक्त वर्ष प्रतिकिलो अलैँची कम्तीमा रु पाँच सय ५० देखि सात सयसम्म बिक्री भएको थियो ।

आव २०७८/७९ मा तीन सय ३५ मेट्रिक टन अलैँची बिक्री गरी रु १५ करोड आम्दानी



भएको थियो । आव २०७७/७८ मा तीन हजार पाँच सय क्विन्टल अलैँची बिक्री गरी रु १८ करोड २० लाख आम्दानी भएको थियो । आव २०७६/७७ मा जिल्लामा दुई हजार क्विन्टल अलैँची बिक्री गरेर किसानले रु १२ करोड आम्दानी गरेका थिए । त्यसैगरी, आव २०७५/७६ मा सात सय ५० क्विन्टल अलैँची बिक्री गरी किसानले पाँच करोड २५ लाख आम्दानी गरेका थिए ।

जिल्लामा सबैभन्दा बदी मर्स्याङ्दी गाउँपालिकाका किसानले अलैँची उत्पादन गर्ने गरेका छन् । मर्स्याङ्दी गाउँपालिका-५ सन्जापुका स्थानीयले मात्र यस वर्ष छ हजार सात सय केजी अलैँची बिक्री गरी रु एक करोड ५० लाख आम्दानी गरेको सन्जापु अलैँची कृषक समूहका अध्यक्ष कामकाशि गुरुङले बताउनुभयो । गाउँका करिब ६० घरधुरीले लगाएको अलैँचीखेतीबाट उक्त आम्दानी भएको हो । भारतको एकाधिकारका कारण किसानको मागअनुसार अलैँचीको मूल्य नपाएको गुनासो भए पनि यस वर्ष केही राहत महसुस गरेको किसानहरुको भनाइ छ ।

जिल्लामा सात सय ५० हेक्टर क्षेत्रफलमा अलैँचीखेती हुँदै आए पनि तीन सय ७५ हेक्टर क्षेत्रफलमा उत्पादन हुँदै आएको उक्त कार्यालयले जनाएको छ । उक्त परियोजनाले अलैँची जोन पकेट क्षेत्रका रुपमा मर्स्याङ्दी गाउँपालिका, बैँसीसहर नगरपालिका, क्व्होँलासोथर गाउँपालिका, दोर्दी गाउँपालिका र दूधपोखरी गाउँपालिकालाई घोषणा गरिसकेको छ । सो क्षेत्रमा सबैभन्दा बढी अलैँची उत्पादन हुने गरेको छ ।

जिल्लामा सात सय मिटरदेखि एक हजार दुई सय मिटर उचाइमा साउन्ने, जिर्मले र डम्बर शाही, एक हजार दुई सय मिटरदेखि १६ मिटर उचाइमा गोलशाही र एक हजार छ सयदेखि दुई हजार दुई सय मिटर उचाइमा रामशाही र भलाङे जातका अलैँची बिरुवा लगाइएका छन् । यहाँ विसं २०४१ बाट अलैँचीखेती विस्तार हुँदै आएको हो ।रासस

# गाउँमै इँटा उद्योग चलाएर स्वरोजगार बनेका इञ्जिनिर प्रमोद

इलाम । सूर्योदय नगरपालिका-१० फिक्कलका प्रमोद सापकोटाले नजिकैको शान्तिगोलाईमा इँटा उद्योग सुरु गर्नुभएको ६ वर्ष भयो । उहाँले २२ वर्षका उमेरमा ‘डिप्लोमा इन इलेक्ट्रिकल इञ्जिनिर’ उत्तीर्ण गरेर गाउँ फर्किनुभएको थियो । ।

“पन्ध्र लाख लगानीमा सुरु गरेको उद्योगमा हाल ४५ लाख लगानी पुगेको छ ।

” उहाँले भन्नुभयो,“अहिलेसम्म साना-ठूला गरी चार सय ५० भवन निर्माणमा तीन लाख पचास हजार भन्दा बढी इँटा प्रयोग भइसकेको छ ।” उद्योगमा सात जनाले रोजगारी समेत पाएका छन् । महिनामा सात हजार इँटा उत्पादन हुन्छ । एक हजार मौज्दात राखेर सबै बिक्री गर्ने गरिएको उद्यमी सापकोटाले बताउनुभयो । “नगरपालिकाले नै इँटाको प्रतिगोटा मूल्य ५२ रुपैयाँ निर्धारण गरिदिएको छ ।” उहाँले भन्नुभयो, “कच्चापदार्थ महँगो छ । सबै खर्च कटाएर १७ प्रतिशत नाफा हुन्छ । महिनामा त्यस्तै एक लाख जति बचत छ ।”

ढुङ्गाको धुलो, धोएको खस्रो बालुवा, ५३ ग्रेटको ओपिसी सिमेन्ट, सुपर प्लास्टिक साइजरलगायतका कच्चापदार्थ प्रशोधन गरेर ईको इँटा तयार गरिने प्रमोदले बताउनुभयो । उहाँले भन्नुभयो “यी सामग्री काठमाडौंको दाउन्ने, झापाको विर्तामोड र सुपर प्लास्टिक साईजर चैं उडिसाबाट ल्याउने गरिएको छ ।”

उद्योगको उत्पादनले इँटाको माघ धान्न सकेको छैन । सूर्योदय नगरपालिका क्षेत्रमा नै धेरै माघ हुने गरेकाले जिल्लाका अन्य पालिकातिर माघ पूरा गर्न नसकिएको स्वस्तिका सापकोटा(भट्टराई)ले बताउनुभयो ।

ईको इँटा भूकम्प प्रतिरोधी र वातावरणमैत्री हुने भएकाले यसको माघ बढिरहेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, “पालिकाले निर्माण गर्ने भवनमा हरित निर्माण सामग्री प्रयोग गर्ने भनिएको छ । त्यस्मा हाम्रो उत्पादन प्रयोग गर्नेगरि छलफल चलेको छ । त्यो सम्झौता भएमा उद्योगले उत्पादन अनिवार्य वृद्धि गर्नुपर्छ ।”

सापकोटा दम्पतिलाई घर-गाउँ छोडेर विदेशीन मन छैन । “जे गर्छु नेपालमै गर्छु, जति गर्छु नेपालिकै लागि गर्छु भन्ने लाग्छ ।” प्रमोदले भन्नुभयो, “आजभन्दा ६ वर्षअघि रु १५ लाख लगाएर उद्योग खोल्ने मेरो एउटा साहास नै थियो । त्यो



बेला अमेरिका अस्ट्रेलिया वा कोरियातिरै गएको भए पनि अहिलेसम्म एक-दुई करोड कमाई त हुन्थ्यो होला । तर, गाउँको स्वच्छ हावा, परिवार, समाज र नेपाली माटोको सुगन्ध त्यो भन्दा मङ्गो लाग्यो । हामी यहीँ खुसी छौँ ।”

कोरोना कहरका बेला निजी तथा सरकारी निर्माण प्रभावित भएसँगै इँटाको माग घट्दा व्यवसायी उद्योग सञ्चालन गर्नेतर्फ निरुत्साहित बनेका थिए । प्रमोदसँग पनि कोभिड-१९ का बेला उद्योग बन्द गर्नुपरेको तीतो स्मरण छ । उहाँले भन्नुभयो ,“महामारीमा उद्योग ठप्प भयो । भर्खर सुरु भएको उद्योग बन्द गर्नुपर्दा निराशा आएको थियो । पुनः स्थिति सुधार भयो । अब त डर छैन ।”

स्थानीय तहमै स्वरोजगार भइरहेका युवा उद्यमीलाई नगरपालिकाले प्रोत्साहन गर्ने गरेको नगरप्रमुख रणबहादुर राईले बताउनुभयो । अनुदानमा सहुलियत दिएर युवालाई स्वरोजगार बन्न प्रोत्साहित गरिरहेको उहाँको भनाइ छ । उद्योगमा ईको इँटा मात्र होइन, कङ्क्रिट इँटा, कबर ब्लक, फुलको गमला, तुलसीको मोठ, तारजाली पिल्लरसमेत उत्पादन हुने गरेको छ ।रासस


## भुमि सुधार तथा मालपोत कार्यालय गौर, रौतहट

## ३५ दिने सार्वजनिक सूचना

जि.रौ.गाविस गंगापिप्रा वार्ड न. ५ हाल दुर्गा भगवती गा.पा.वार्ड न. १ मा बस्ने लछुमन साह कलवार र जि.रौ.गाविस ग्रगापिप्रा वार्ड न. ५ हाल दुर्गा भगवती गा.पा.वार्ड न. १ मा बस्ने विश्वनाथ चौधरी समेतको नाउँमा जारी भएको ३५ दिने सूचना ।

यसमा दावि ज.ध.सोनफी महतोको नाम दर्ता कायम रहेको जग्गा रौ.जि.गाविस गंगापिप्रा वार्ड न.७ किता न. ८४ को ०-०-१० जग्गाको मोही लछुमन साह कलवार भएको मरुवा(भगुवा) मुदामा यस कार्यालयबाट मिति २०८१।१०।०२ गतेमा वादी दाबी बमोजिम जग्गाको मोही फिल्डबुकको लछुमन साह कलवार र ज.ध.प्र.पुर्जाको विश्वनाथ चौधरीको मरुवा तथा भगुवा मोही लगतकटा भएकोमा मरुवा तथा भगुवा मोही प्रतिवादीहरु लछुमन साह कलवार तथा विश्वनाथ चौधरीको नाउमा राष्टिय स्तरको पत्रिकामा म्याद प्रकाशित गरी गराई म्यादभित्रमा श्री उच्च अदालत जनकपुर अस्थायी इजलास बिरगंजमा पुनरावेदन गर्न जानु भनी यस भुमिसुधार तथा मालपोत कार्यालय गौरको ठहर फैसला भएकोले सो फैसलाको जानकारीको निमित यो सूचना प्रकाशित गरिएको छ । सो मुदामा आफनो सबुत प्रमाण लिई बाटोको म्याद बाहेक ३५ दिनभित्र तपाई आफै उपस्थित हुन आउनु होला वा कानुन बमोजिमको आफनो कानुन व्यवसायी वा वारिस पठाउनुहोला अन्यथा यस बिषयमा कानुन बमोजिम हुनेछ ।



## Mithila Bihari Municipality

### Office of the Municipal Executive

### Tarapatti, Dhanusha, Madhesh Province, Nepal

## Invitation for Electronic Bids

First Date Of Publication: 8th Magh, 2081 (21/01/2025)

1. Mithila Bihari Municipality, Office of The Municipal Executive. Tarapatti, Dhanusha invites electronic bid from the eligible and qualified registered bidders for the procurement of following works under National Competitive Bidding (NCB), name and Contract identification number are mentioned below though the details are in the bidding document.

| S. N. | Contract identification No. | Description of work | Estimated amount including all taxes and contingencics | Bid document fees NRs. | Bid security amount | Bid submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | 01/01/2081 -82/NCBW/ BW/MBM | CONSTRUCTION OF UNFINISHED LALIYA MA.VI. BUILDING IN LALIYA, WARD NO. -05, MITHILA BIHARI MUNICIPALITY | 5249729.04 | 3000/- | 125000.00 | 9th Falgun, 2081 (12:00 hours) | 9th Falgun, 2081 (14:00 hours) |

2. For futher information please refer to PPMO's website http://bolpatra.gov.np/egp . Any amendment in notice or bid document will be posted in notice this office or PPMO's website.

Chief Administrative Officer

# फरार ११ प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

रौतहट । भन्सार छलीको सामग्री संगै ११ जना फरार प्रतिवादी लाई जिल्ला प्रहरी कार्यालय रौतहटले पक्राउ गरेको छ।

रौतहट जिल्ला अदालतबाट दोषी ठहर भएर दण्ड सजाय समेत तोकिएर लामो समय देखि फरार रहेका ११ जना प्रतिवादीलाई जिल्लाको विभिन्न स्थानबाट प्रहरीले पक्राउ गरेको छ।

त्यस्तै भन्सार छलेर ल्याएको विभिन्न सामान प्रहरीले बरामद गरेको छ। पक्राउ पर्नेमा किर्ते मुद्दाका जमिला शेखिन, जमील अख्तर, शेख अजीज मियाँ दर्जी, ओली महमद, शेख हफिज रहेका छन्।

त्यस्तै कुटपिट मुद्दाका महेन्द्र महरा चमार, पुनकलिया देवी, मनिता कुमारी, निलम देवी, उषा देवी राम र वहुविवाह मुद्दाका आरोपी शेख नेपाली रहेको जिल्ला प्रहरी कार्यालय रौतहटका सहप्रवक्ता इन्स्पेक्टर रामकुमार महतो द्वारा सूचनामा जनाइएको छ। पक्राउ परेका ११




जना लाई फैसला कार्यान्वयनका लागि सोमवार जिल्ला अदालत गौरमा उपस्थित गराइएको रौतहट प्रहरीले जनाएको छ।

गौर स्थित बसपार्कमा प्रहरीले विभिन्न सवारी चेकजाँचको क्रममा १ लाख ४ हजार बराबरको भन्सार छलीको सामान बरामद गरेको छ। भारतीय बजारबाट अवैध रुपमा ल्याउँदै गरेको मूल्य बराबरको कपडा, कस्मेटिक लगायत किराना सामान बरामद गरी आवश्यक कारवाहीको लागि जिल्ला भन्सार कार्यालय गौरमा बुझाएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

# मलाह समुदायद्वारा आन्दोलनको घोषणा

**टुडे समाचारदाता**

राजविराज । २० बुँदे माग राख्दै संघर्षरत मलाह समुदायले माघ २५ गते देखि आन्दोलन गर्ने घोषणा गरेका छन् । मलाह जातिको जातीय संगठन नेपाल मलाह कल्याण संघले सोमबार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरी आन्दोलनको घोषणा गरेका छन्।

नेपाल मलाह कल्याण संघका केन्द्रीय अध्यक्ष नारायण मुखियाले यही माघ २५ देखि सप्तरी र सुनसरीका सिमानामा पर्ने कोशी ब्यारेज क्षेत्रमा अनिश्चितकालीन धर्ना, रिले अनसन र सभाको आयोजना गर्ने निर्णय भएको जानकारी दिए।

आन्दोलनका लागि कोशी ब्यारेजमा झापादेखि पर्सासम्मका मलाह समुदायका अगुवा भेला हुने तय भएको उनको भनाइ छ । मलाह जातिले ६० वर्ष उमेर सीमामा समाजिक सुरक्षा भत्ता खाइपाइ आइरहेकोमा राष्ट्रिय दलित आयोगको सिफारिसमा हाल सो सेवा सुविधा रोका गरिएकाले




सो फुकुवा हुनु पर्ने, सरकारले ठेक्का लगाउँदै आएको सार्वजनिक पोखरी, नदी, दह, खोलानाला, तालतलैया, तारघाट र नदीमा बगी आएको काठ, दाउरा संकलन लगायतका ठेक्का कार्य मलाह जातिलाई मात्र उपलब्ध गराइनु पर्ने मलाह कल्याण संघले प्रमुख मागका रुपमा उठाएका छन्।

त्यस्तै सरकारी स्वामित्वमा रहेका मत्सय फार्महरु, सीमसार र रिजर्भ्यार आदीमा मलाह जातिलाई ५० प्रतिशत आरक्षण, संघीय र सात वटै प्रदेशमा मत्सय मन्त्रालयको स्थापना गरी आवश्यक कर्मचारी भर्नामा मलाह जातीलाई प्राथमिकता र जलसेनाको स्थापना गरी मलाह जातिबाट ५० प्रतिशत सैनिक जवान रहने गरी कानूनी व्यवस्था गर्न माग गरिएको छ।

मलाह जातिको बालबालिकालाई स्नाकोत्तर सम्मको निःशुल्क शिक्षा, जग्गाविहीनलाई जग्गाको व्यवस्था, निःशुल्क उपचारको व्यवस्थालगायतका २० बुँदे माग अघि सारिएको पत्रकार सम्मेलनमा नेपाल मलाह कल्याण संघ सप्तरीका अध्यक्ष पञ्चलाल मुखियाले जानकारी दिए।

२० बुँदे माग राखेर यस अघि पनि २०६४ साल देखि पटक/पटक तत्कालीन सरकारका प्रमुखलाई ज्ञापनपत्र बुझाए पनि आश्वासन बाहेक केही नपाइएको संघका केन्द्रीय सचिव सुकलाल मुखियाले बताए । पछिल्लो पटक पुस १८ गते प्रधानमन्त्री, गृहमन्त्री लगायतका सरोकारवाला निकायका प्रमुखहरुलाई ज्ञापन पत्र बुझाइए पनि माग सम्बोधनको कुनै पहल नभएकाले बाध्य भइ संघर्षको बाटो रोज्नु परेको पत्रकार सम्मेलनमा संघको केन्द्रीय उपाध्यक्ष अशोक कुमार मुखियाले बताए।

उनले मलाह जातीको मुख्य पेशा नै माछा मार्ने, डुंगा चलाउने तथा पानीमा मखान उत्पादन गरी गुजारा चलाउने रहेको भन्दै ९९ प्रतिशत मलाह जातिको आफ्नो जग्गासमेत नरहेको बताए।

पछिल्लो चरणमा अनिश्चितकालीन रिले अनशन शुरु गरिने र सोबाट पनि सुनुवाइ नभए दोस्रो चरणमा आन्दोलनका सशक्त कार्यक्रमहरु अघि बढाइने तयारी भइरहेको संघले जनाएको छ।

पत्रकार सम्मेलनमा संघका केन्द्रीय समितिका पदाधिकारीसंगै झापादेखि पर्सा सम्मका जिल्ला समितिका पदाधिकारी र मलाह जातिको अगुवाहरुको उपस्थिति रहेको थियो।

# पेस्तोलसहित दुई जना पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम। सशस्त्र प्रहरीले पेस्तोलसहित धनुषाबाट दुई जनालाई पक्राउ गरेको छ।

धनुषाको धनौजी गाउँपालिका-४ स्थित भडरियाबाट एक जना भारतीय नागरिकसहित दुई जनालाई पक्राउ गरिएको सशस्त्र प्रहरीले जनाएको छ।

सशस्त्र प्रहरी बल धनुषाका सशस्त्र प्रहरी उपरीक्षक दर्शन गिरीले धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-८ स्थित सीतानगरका २४ वर्षीय तेजेशकुमार महतो र भारतको मधुवनी जिल्लाको सिलानाथ बरही ग्राम पञ्चायत-५ का २१ वर्षीय रुपेशकुमार यादवलाई पेस्तोलसहित पक्राउ गरिएको जानकारी दिए।

बिओपी धनौजीको सशस्त्र प्रहरी निरीक्षक रविन्द्र दाहाल नेतृत्वको टोलीले चेकजाँचको क्रममा उनीहरूको साथबाट ९ एमएम बाउनिंग पेस्तोल बरामद गरेको बताइएको छ। उनीहरूको साथबाट एक थान म्यागजिन र पेस्तोलमा प्रयोग हुने एक राउन्ड गोलीसमेत बरामद भएको सशस्त्र प्रहरी उपरीक्षक गिरीले बताए।

पक्राउ परेका दुवै जनालाई थप अनसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय धनुषाको जिम्मा लगाइएको उनले बताए।

# बट्टाको नाममा असुली, सरोकारवाला मौन

**बखतियार अली**

मलंगवा । केही वर्षदेखि नेपाल बैक लिमिटेड शाखा मलंगवाले भारतीय रूपैयाँको सटही काउन्टर बन्द गरेपछि नेपालीहरु नेपाल-भारतस्थित सीमाक्षेत्रमा पर्ने भारतीय बजारमा औषधि उपचार, नातागोतामा रहेकाहरूसंग भेटघाट होस् वा व्यापारी प्रयोजन चाहे घरेलु उपभोग्य वस्तुको किनमेल गर्न जाँदा त्यहाँका व्यापारी बट्टाको नाममा अतिरिक्त रकम लिने गरेका छन्।

सीमापारीका भारतीय व्यापारीहरु नेपाली ग्राहकलाई जुनसुकै सामान किन्दा १ सय भारुको लागि नेपाली रूपैया १ सय ६० को भन्दा बढी ५ देखि १० रुपैयाँ बढी तिर्न परिरहेको छ । सर्लाहीको सदरमुकाम मलंगवाबाट नजिक रहेको भारतीय बजार सोनबर्शामा मात्र भारू, नेरू सटही गर्ने २८ वटा भनदा बढि सटही काउन्टर रहेको छ।

जसमा दैनिक रूपमा १ करोड ५० लाख भनदा बढी नेपाली रूपैयाँ भारतीय रूपैयासंग साट्ने काम हुने गरेको छ।

भारतीय रूपैयाँको सटही काउन्टर नेपालमा बन्द भएपछि यसको फाइदा उठाउँदै भारतीय व्यापारीहरू कपडा पसल, किराना पसलहरूमा अवैध रूपमा मोरू,भारूको सटही काउन्टर संचालन गरेर सैकडामा रू १० रूपैया सम्म सटही चार्ज लिएर नेपाली नागरिकको ढाड सेकने काम गरि रहेको छ। सस्तोमा खरिद गर्ने लोभमा परेर दैनिक रूपमा ग्रामीण भेगका



नेपाली नागरिकहरू भारतीय बजारमा किनमेल वा अन्य कुनै प्रयोजनका लागि भारतमा जादा अन्तर्राष्ट्रिय मुद्रा सटहीको दररेट भनदा १० रूपैयाँ अतिरिक्त रकम बिचौलियाहरूलाइ दिनुपर्ने बाध्यता रहेको स्थानीयहरूले गुनासो गरेको छ।

मलंगवा संग नजिक रहेको भारतीय बजार सोनबर्सामा मात्र भारू मोरू सटही गर्ने ब्यापारीहरू दैनिक रूपमा १५ लाख सम्म कमाउने गरेको एकजना व्यापारीले बताए । सरकारको गलत नीतिका कारण नेपाली पैसाको कौडीको भाउमा अवैध कारोबार गरेर लाखौ रूपैया खेर गइरहेको छ। यसप्रति सरकारको ध्यान नजादा नेपाली नागरिक समस्या भोगन बाध्य भएको स्थानीयहरूको भनाई छ।

नेपाल बैक लिमिटेड शाखा मलंगवाका शाखा प्रबन्धक साधु शरण मण्डलले आम नेपाली जनता दुखि भोगि रहेकोले आफुले यसको बारेमा प्रदेश कार्यालयमा जानकारी गराएर सटही काउन्टर पुन संचालनमा ल्याउने बताए। त्यस्तै सर्लाहीका प्रमुख जिल्ला अधिकारी तुलसी बहादुर श्रेष्ठले भने नागरिकको समस्यालाई समाधान गर्न आफुले पहल गर्ने बताए।

सीमाक्षेत्रका सहर बजारमा भारु पैसा साट्ने सटही काउन्टर नहुँदा नेपाली ग्राहकहरु मजबुरीबस नेपाली पैसा बोकेर किनमेल गर्न जाने गरेकाले भारतीय बजारमा सामानको खरिदारी गर्दा बट्टा वा कमिशनको नाममा अतिरिक्त रकम तिर्नुपरेको स्थानीयहरूको भनाइ छ।

# बढ्दो वन अतिक्रमण

**टुडे समाचारदाता**

बर्दिवास। महोत्तरीमा वन अतिक्रमणका घटना दिनानुदिन बढ्दै गएको छ।

पछिल्लो समय जिल्लाको उत्तरी भेगमा वन क्षेत्रको जग्गा अतिक्रमण गरिएको घटना सार्वजनिक भएको छ।

सब डिभिजन वन बौध गुम्बा नजिकको जग्गामा रुख नभएकाले पनि अतिक्रमणकारीलाई सहज भएको छ।

वनजंगलमा रहेका रुखहरु मासिएका सोही जग्गालाई खनजोत र काठे पिल्लर गाडी बाँसको बारले घेरबेर गर्न लागेको सूचानको आधारमा



कार्यालयको कारबाहीपछि अतिक्रमित वनका जग्गा खाली गराइएको छ।

जिल्लाको बर्दिवास- ४ स्थित जंगली क्षेत्रको जग्गा खनजोत गरी घेरबेरर गर्न लागेको करिब ४ कट्ठा जग्गा अतिक्रमण मुक्त गरिएको छ। अतिक्रमित जग्गा गढन्ता बर्दीबास साझेदारी वन मातहत रहेको बुझिएको छ।

सुराकीको आधारमा गढन्ता सब डिभिजन वन कार्यालयका अधिकृत उमेश मण्डलको कमान्डमा खटी गएको सशस्त्र वन रक्षकसहितको टोलीले सोमबार अतिक्रमित जग्गा खाली गराएको जनाएको छ। सब डिभिजन वन अधिकृत मण्डलका अनुसार दलबलसहित घटनास्थल पुगेको वनकर्मीले अतिक्रमण हटाएको मण्डलले बताए।

वनकर्मीले वनमा गाडिएका करिब २५ वटा पिलर उखेल्नुका साथै बाँसको टाट पनि हटाएको छ। अतिक्रमणबारे खुल्न सकेको छैन।

डिभिजन वन अधिकृत अजय मिश्रले घटनाको सूच्छम अनुशंधान भइरहेको बताए।

केही साता अघि बर्दिवास वडा नं ४ मै चुरे क्षेत्रको वरडाँडामा पनि एक बिघा जति अतिक्रमित जग्गा वनकर्मीले खाली गराएका थिए।

यसअघि गौशाला रोडस्थित वन क्षेत्रको जग्गा अतिक्रमण गरी घर बनाउन सुरसार गरिएको डेढ कट्ठा जग्गा खाली गराइएको थियो।


# आलु उत्पादनमा चुनौतीपूर्ण

**टुडे समाचारदाता**

जनकपुरधाम । तराई-मधेशमा आलु उत्पादन आर्थिक दृष्टिकोणले लाभदायक रहे पनि चुनौति रहेको एक नयाँ अनुसन्धानले देखाएको छ । झापा, बारा, र कैलाली जिल्लामा गरिएको अध्ययनले आलु खेतीको लागत, आम्दानी र समस्याहरूको विस्तृत विश्लेषण प्रस्तुत गरेको छ । यस अनुसन्धानका अनुसार आलु उत्पादनले किसानहरूलाई राम्रो आम्दानी दिन सक्ने भए पनि उन्नत बीउको अभाव, रोग र किराको प्रकोप जस्ता समस्याहरूले यस क्षेत्रलाई अझै चुनौतीपूर्ण रहेको देखिएको छ।

अध्ययन नेपाल कृषि अनुसन्धान परिषद (नार्क) का वैज्ञानिकहरु सञ्जीव सुवेदी, युगनाथ घिमिरे, सुदीप गौतम, हेमाकुमारी पौडेल र जीवन श्रेष्ठले गरेका छन्।

अनुसन्धानका अनुसार एक कठ्ठा जमिनमा आलु उत्पादन गर्न लाग्ने औसत लागत ५,८५० रुपैयाँ रहेको छ भने कुल आम्दानी १२,४५४ रुपैयाँ छ। यसरी एक कठ्ठामा आलु खेतीबाट ६,६०४ रुपैयाँको शुद्ध लाभ (ग्रोस मार्जिन) प्राप्त गर्न सकिने देखिएको छ। यसले आलु उत्पादन आर्थिक दृष्टिकोणले



लाभदायक रहेको देखाएको छ।

जिल्लागत आधारमा हेर्ने हो भने बारा जिल्लामा सबैभन्दा कम लागत (४,४२७ रुपैयाँ) र सबैभन्दा बढी शुद्ध लाभ (८,९०४ रुपैयाँ) देखिएको जनाइएको छ । कैलालीमा पनि शुद्ध लाभ ८,११० रुपैयाँ रहेको छ भने झापामा यो मात्र २,७९९ रुपैयाँमा सीमित छ। यसको मुख्य कारण झापामा उत्पादन लागत बढी रहेको छ।

अध्ययन प्रतिवेदनअनुसार ५२.७ प्रतिशत किसानहरूले आफ्नै घर वा छिमेकीबाट बिउ प्राप्त गर्ने गरेका छन् । यसले उन्नत बीउको अभाव र खराब गुणस्तरको बिउ प्रयोग गर्ने समस्या उजागर गर्दछ। यसबाहेक २० प्रतिशत किसानले सहकारी संस्था वा किसान समूहबाट बीउ प्राप्त गरेका छन्।

बजार व्यवस्थाको हिसाबले ३५.२ प्रतिशत किसानले आफ्नो उत्पादन स्थानीय बजारमा बेच्ने गरेका छन् भने ३४.५ प्रतिशत किसानले थोक व्यापारीलाई बेच्ने गरेका छन् । स्थानीय बजारमा बेच्दा किसानलाई बढी मुनाफा हुने छ।

सो अध्ययनले आलु उत्पादनमा आइपरेका प्रमुख समस्या पहिचान गरेको छ। यसमा उन्नत बीउको अभाव (सूचकांक ०.७९) सबैभन्दा ठूलो समस्या हो। यसबाहेक रोग र किराको प्रकोप (सूचकांक ०.७१), बजार व्यवस्थाको अभाव (सूचकांक ०.६४), सिँचाइको अभाव (सूचकांक ०.४७) र श्रमिकको अभाव (सूचकांक ०.४१) जस्ता समस्याले किसानलाई चुनौती दिइरहेका छन्।

अनुसन्धानअनुसार आलु उत्पादनलाई अझ बढी लाभदायक बनाउन उन्नत बिउको प्रयोग, रोग र किरा नियन्त्रणका लागि प्राविधिक ज्ञान र सिँचाइ व्यवस्था प्रभावकारी पार्नुपर्ने देखिएको छ। सरकारले किसानलाई उन्नत बिउ र प्राविधिक ज्ञान उपलब्ध गराउनुपर्ने र बजार व्यवस्था सुधार्नुपर्ने आवश्यकता रहेको छ।

# कृषि बैंक बैंक जनकपुरधामले स्थापना दिवस मनायो

**टुडे समाचारदाता**

जनकपुरधाम। कृषि विकास बैंकले ५८ औं बार्षिकोत्सव जनकपुरधाममा पनि मनाएको छ। कृषि क्षेत्रको विकासलाई मुख्य उद्देश्य राखेर स्थापना भएको कृषि विकास बैंकले २०६२ सालमा नेपाल राष्ट्र बैंकबाट वाणिज्य बैंकको रुपमा मान्यता प्राप्त गरेको थियो।

सो बैंकले समुदाय र भुगोलसम्म बैंकको आधुनिक बैंकिंग सेवाको पहुँच विस्तार गर्ने क्रममा मुख्य कार्यालयसहित २८२ शाखा कार्याल्यबाट सेवा संचालन भइरहेको जनाइएको छ।

सो बैंकको २० लाख ३४ हजार ग्राहकबाट २५८ अर्ब निक्षेप संकलन गरी १ लाख ५० हजार ग्राहकमार्फत २०८ अर्ब कर्जा परिचालन गरिएको छ।

भने जनकपुरधामस्थित प्रदेश कार्याल्य अन्तर्गतका शाखा कार्यालयमार्फत १ लाख त्रिहत्तर हजार ग्राहकमार्फत ८१६ करोड निक्षेप संकलन गरी २१ हजार ग्राहकलाई १९६८ करोड कर्जा परिचालन गरिएको जनाइएको छ।

कृषि विकास बैंकको सेवाको प्रभावकारी बजारीकरणको लागि बैंकको ब्राण्ड मार्केटिंग गर्ने बजारीकरण र समन्वयकारी व्यवस्था तयार गरी प्रभावकारी रुप्मा सञ्चालन गर्ने योजना बनाइएको छ।




**चिसोमा हुने स्वास्थ्य समस्याबाट बचौं**

- चिसोबाट बालबालिका र ज्येष्ठ नागरिक बढी प्रभावित हुने हुँदा उनिहरुको उचित स्याहार गरौं,
- चिसोमावाहिरहिड्दातातोरन्यानोकपडालगाऔं,
- कोठामाहिटरवाआगोवाल्दाहोसियारीअपनाऔं,
- चिसोवाट जोगिन दैनिक घाम ताप्ने गरौं,
- शारिरिक व्यायाम गरौं,
- जाडोवाट वच्ने नाममा धुम्रपान र मद्यमान नगरौं,
- रुघाखोकी, ज्वरो लगायतका स्वास्थ्य समस्या देखिएमा स्वास्थ्य परीक्षण गरौ र गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८